दुप्चेश्वर गाउँपालिका

राजस्व सुधार कार्ययोजना

(Revenue Improvement Action Plan)

अन्तिम प्रतिवेदन

गाउँ कार्यपालिकाको कार्यालय

समुन्द्रटार, नुवाकोट, प्रदेश नं. ३

२०७६

दस्तावेज/प्रतिवेदन

दस्तावेज :	*दुप्चेश्वर गाउँपालिकाको राजस्व सुधार कार्ययोजना*
तयार गर्ने :	*सपोर्ट फर डेभलपमेन्ट ईनिसियटिभ्स कन्सल्टेन्सी प्रा.लि. काठमाडौं*
सहयोग :	*पूर्णिमा : भूकम्प पश्चात्को पुर्नर्लाभमा वेलायती सहयोग नियोगको सहयोग*
मिति :	*बैशाख, २०७६*

कृतज्ञता ज्ञापन

दुप्चेश्वर गाउँपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमा कार्यलाई सफल बनाउन सहयोग पुऱ्याउनु हुने गाउँपालिकाका अध्यक्ष श्री योविन्द्र सिंह तामाङ्ग, उपाध्यक्ष श्री अञ्जु आचार्य, प्रमुख प्रशासकीय अधिकृत श्री रामहरी गजुरेल तथा गाउँ कार्यपालिका सदस्यहरू, कर्मचारीहरू, उद्योग व्यापार संघ तथा करदाता प्रतिनिधि लगायत सबैमा परामर्शदाताको तर्फबाट हार्दिक आभार व्यक्त गर्दछौं । त्यसैगरी, यस कार्यमा रचनात्मक सुझाव तथा सहयोग प्रदान गर्नु हुने सरोकारवाला सबैमा हार्दिक धन्यवाद व्यक्त गर्दछौं ।

एस.डि.आई.सि. परिवार

विषय सूची

परिच्छेद एक : परिचय.....१
१.१ राजस्व सुधार योजनाको आवश्यकता..... १
१.२ कार्यक्रमको उद्देश्य १
१.३ अध्ययन तथा कार्य संचालन विधि तथा प्रक्रिया २
१.३.१ सन्दर्भ सामग्री संकलन तथा अध्ययन २
१.३.२ तथ्याङ्क/सूचना संकलन फारम तथा सूची विकास..... २
१.३.३ प्रारम्भिक बैठक तथा अभिमुखीकरण कार्यक्रम २
१.३.४ तथ्याङ्क तथा विवरण संकलन ६
१.३.५ तथ्याङ्क विश्लेषण तथा मस्यौदा कार्ययोजना तयारी..... ६
१.३.६ कार्ययोजना मस्यौदा प्रतिवेदन सम्बन्धित पक्ष समक्ष पेश..... ६
१.३.७ अन्तिम कार्यशाला गोष्ठीको आयोजना..... ७
१.३.८ प्रतिवेदनको अन्तिम रुप ७
१.४ राजस्व सुधार कार्ययोजना दस्तावेज ७
१.५ अध्ययनको सीमा ८

परिच्छेद दुई : गाउँपालिकाको संक्षिप्त परिचय..... ९
२.१ गाउँपालिकाको संक्षिप्त परिचय..... ९
२.२ गाउँपालिकाको संगठन संरचना तथा मानवीय संसाधन ११
२.३ गाउँपालिकाको भौतिक सम्पत्ति.....१३

परिच्छेद तीनः स्थानीय तहको राजस्व अधिकार तथा आय संभाव्यता..... १४
३.१ स्थानीय तहको राजस्व अधिकार सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था..... १४
३.२ आन्तरिक आय परिचालनको वर्तमान अवस्था.....१७
३.३.१ कर राजस्व..... १९
३.३.२ गैरकर राजस्व..... २४

परिच्छेद चारः गाउँपालिकाको राजस्व परिचालनको अवस्था र संस्थागत क्षमता ३२
४.१ राजस्व परिचालन सम्बन्धी नीति ३२
४.२ विगतको आय परिचालनको अवस्था ३३
४.३ आय संकलनको संस्थागत व्यवस्था तथा क्षमता ३४
४.४ राजस्व परिचालनमा रहेका सवालहरू ३५

परिच्छेद पाँचः राजस्व सुधार कार्ययोजना..... ३७
५.१ गाउँपालिकाको राजस्व सुधार कार्ययोजना.....३७

परिच्छेद छ : गाउँपालिकाको आय प्रक्षेपण..... ४३
६.१ राजस्व प्रक्षेपणका आधारहरु ४३
६.२ गाउँपालिकाको आगामी ३ आर्थिक बर्षको राजस्व प्रक्षेपण..... ४५

परिच्छेद – सात : निष्कर्ष तथा सुझाव..... ५०
७.१ निष्कर्ष तथा सुझाव..... ५०
७.२ राजस्व सुधार सम्बन्धी निष्कर्ष तथा सुझावहरु ५०
७.३ कार्ययोजनाको अनुगमन तथा मुल्यांकन..... ५१

अनुसूचीहरू.....५३
अनुसूची १ : सन्दर्भ सामग्रीहरू ५४
अनुसूची २ : तथ्याङ्क/सूचना संकलनका लागि प्रयोग गरिएको फारम तथा सुची ५५
अनुसूची ३ : अभिमुखीकरण तथा कार्ययोजना तर्जुमा कार्यशालाको तालिका तथा उपस्थिति विवरण ६४
अनुसूची ४ : मस्यौदा प्रस्तुती तथा छलफल कार्यक्रमको उपस्थिति विवरण ६७

तालिकाको सूची

तालिका १: गाउपालिकामा कार्यरत कर्मचारीह□को विवरण.....१२
तालिका २: गाउपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था.....१७
तालिका ३: पर्यटन शुल्कको सम्भाव्यता विवरण.....३०
तालिका ४: खानेपानी महशुलको सम्भाव्यता विवरण.....३१
तालिका ५: राजस्व परामर्श समिति.....३२
तालिका ६: गाउपालिकाको ३ वर्षको राजस्वको स्थिति.....३३
तालिका ७: राजस्व सुधार कार्ययोजना.....३७
तालिका ८: राजस्व सुधार कार्ययोजनाका आधारमा आय प्रक्षेपणका आधारह□.....४३
तालिका ९: गाउपालिकाको चालु आ.ब.को अनुमान तथा आगामी ३ बर्षको आय प्रक्षेपण.....४५
तालिका १०: गाउपालिकाको प्रक्षेपित आय संरचना.....५०

परिच्छेद एक : परिचय

१.१ राजस्व सुधार योजनाको आवश्यकता

नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय गरी तीन तहको हुने तथा राज्यशक्तिको प्रयोग तीनै तहले संविधान र कानून बमोजिम गर्ने व्यवस्था संविधानले गरेको छ । संघ, प्रदेश तथा स्थानीय सरकारलाई आ-आफ्नो क्षेत्रको विकास कार्यलाई व्यवस्थित गरी जनचाहना अनुरुप सेवा प्रवाहलाई प्रभावकारी बनाउन लगानी आवश्यक पर्दछ । यसका लागि स्थानीय सरकारलाई संघ र प्रदेशबाट उपलब्ध हुने वित्तीय हस्तान्तरण तथा राजस्व बाँडफाँड बाहेक स्थानीय राजश्व अधिकार अन्तर्गत विभिन्न कर तथा सेवा शुल्क, दस्तुर तथा दण्ड जरिवाना जस्ता गैर कर लगाउने अधिकार उपलब्ध रहेको छ । साथै स्थानीय सरकारले अन्य स्वदेशी संघ/संस्थाबाट अनुदान रकम प्राप्त गर्न सक्ने र नेपाल सरकारको पूर्व स्वीकृति लिएर वैदेशिक सहयोग लिन सक्ने तथा नेपाल सरकारको सहमति लिई वित्त आयोगले सिफारिस गरेको सीमाभित्र रही आन्तरिक ऋण लिन सक्ने समेत कानूनी व्यवस्था रहेको छ ।

संवैधानिक अधिकार अनुसार स्थानीय सरकारलाई राजस्व परिचालनको उल्लेख्य अधिकार उपलब्ध रहेको भएता पनि सो अधिकारहरु कानून सम्मत, व्यवस्थित तथा न्यायोचित तरिकाले पूर्णरुपमा परिचालन गर्न सकिरहेका छैनन् । जसको मुख्य कारणहरुमा संघीय शासन व्यवस्था अनुसारको स्थानीय तहको संरचना नयाँ भएकोले त्यसका लागि आवश्यक कानून, नीति तथा कार्यविधि, संगठनात्मक व्यवस्था, आधार तथ्याङ्कको उपलब्धता र आयको सम्भाव्यता अध्ययन, अनुगमन तथा नियन्त्रण प्रणालीको स्थापना र अभ्यासको कमी आदि रहेका छन् ।

राजस्व अभिबृद्धी तथा परिचालन प्रक्रियामा सुधार ल्याउन दुप्चेश्वर गाउँपालिकाको नेतृत्वमा सहभागितामूलक पद्दति अवलम्बन गरी यस राजस्व सुधार कार्ययोजना तर्जुमा गरिएको छ । यसबाट गाउँपालिकाका निर्वाचित पदाधिकारी, कर्मचारी तथा अन्य सरोकारपक्षलाई राजस्व परिचालनको क्षेत्रमा अभिमुखीकरण, आन्तरिक आय परिचालनको संभावना विश्लेषण तथा राजस्व परिचालनमा रहेका समस्या तथा अवसरहरूको पहिचान गरी कार्ययोजना तयारी तथा राजस्व बजेट प्रक्षेपणलाई मार्गदर्शन गर्ने आधार प्रतिवेदन तयार हुनेछ ।

१.२ कार्यक्रमको उद्देश्य

गाउँपालिकाको आन्तरिक आयको विद्यमान अवस्था, संभावना विश्लेषण तथा राजस्व परिचालन रहेका समस्याको न्यूनीकरण लागि कार्ययोजना तर्जुमा तथा सो को आधारमा आगामी ३ वर्षको आय प्रक्षेपणमा गर्नु यस कार्ययोजनाको प्रमुख उद्देश्य हो । यस कार्यका सहायक उद्देश्यहरू देहायअनुसार रहेका छन् :

- गाउँपालिकाको राजस्व अधिकार तथा सुधार योजना सम्बन्धमा गाउँ कार्यपालिकाका पदाधिकारी, राजस्व परामर्श समितिका सदस्य, शाखा प्रमुख, राजस्वसँग सम्बन्धित कर्मचारीहरू र अन्य सरोकारवालाहरूलाई अभिमुखीकरण गर्ने ।
- शिर्षकगत रुपमा कर तथा गैरकर राजस्व परिचालनका आधार तथा विगत वर्षको आन्तरिक आयको अवस्थाको विश्लेषण गर्ने ।
- आन्तरिक आय वृद्धिको लागि आयका प्रमुख स्रोतहरूको सम्भावना र यथार्थ असुलीमा भएको फरकको अवस्था पहिचान, कारण र असरको विश्लेषण गर्ने ।
- राजस्व प्रशासनसँग सम्बन्धित संस्थागत व्यवस्था, अभिलेख, विलिङ्ग तथा आन्तरिक नियन्त्रण प्रणालीको विश्लेषण गर्ने ।
- गाउँपालिकाको आन्तरिक आय वृद्धिका संभावनाहरू पहिचान गरी राजस्व प्रक्षेपण सहित आन्तरिक आय सुदृढिकरण कार्ययोजना तयार गर्ने ।
- गाउँपालिकाको आन्तरिक आयका नयाँ सम्भावनाहरूको पहिचान गर्दै गाउँपालिकाले अपनाउनु पर्ने आय सुधार रणनीति सहितको राजस्व सुधार कार्ययोजना तयार गर्ने ।

१.३ अध्ययन तथा कार्य संचालन विधि तथा प्रक्रिया

राजस्व प्रक्षेपणसहित गाउँपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमा सम्बन्धी उल्लेखित कार्य संचालनका लागि स्थानीय तहको राजस्वसँग सम्बन्धित विभिन्न सन्दर्भ सामाग्रीहरूको अध्ययन, तथ्याङ्क तथा सूचना संकलनका लागि आवश्यक फारमहरूको विकास, तथ्याङ्क संकलन तथा विश्लेषण, कार्यशाला गोष्ठी, सहभागितामूलक छलफल तथा प्रस्तुतीकरण जस्ता विधिहरू प्रयोग गरिएको थियो । अध्ययनका क्रममा अवलम्बन गरिएका विधिहरूलाई देहायअनुसार व्याख्या गरिएको छ ।

१.३.१ सन्दर्भ सामग्री संकलन तथा अध्ययन

अध्ययन कार्यको प्रथम चरणमा परामर्शदाता टोलीबाट विभिन्न स्रोतहरूबाट सन्दर्भ सामाग्रीहरू संकलन तथा पुनरावलोकन गरिएको थियो । यस कार्यको दौरान अध्ययन तथा पुनरावलोकन गरिएका दस्तावेज तथा सामाग्रीहरू **अनुसूची १** मा दिईएको छ ।

१.३.२ तथ्याङ्क/सूचना संकलन फारम तथा सूची विकास

सन्दर्भ सामाग्रीको अध्ययन तथा विश्लेषण पश्चात् परामर्शदाता टोलीबाट राजस्व सुधार कार्ययोजना सम्बन्धी तथ्याङ्क तथा सूचना संकलनका लागि आवश्यक फारामहरूको विकास गरिएको थियो । गाउँपालिकाको राजस्व सुधार कार्यमा तथ्याङ्क संकलनको लागि प्रयोग गरिएको फारम **अनुसूची २** मा प्रस्तुत गरिएको छ ।

१.३.३ प्रारम्भिक बैठक तथा अभिमुखीकरण कार्यक्रम

राजस्व संभाव्यता अध्ययन तथा सुधार कार्ययोजना तर्जुमा प्रक्रियामा सहजीकरणका लागि एसडिआइसीको प्राविधिक टोली २०७५ माघ २३ गते गाउँपालिकामा उपस्थित भई गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, सम्बन्धित कर्मचारी र सरोकारवालासँग परामर्श गर्नु भएको थियो । उक्त परामर्श कार्यमा गाउँपालिकाको राजस्व संभाव्यता अध्ययन तथा राजस्व सुधार योजनाको ढाँचा, अध्ययन तथा योजना तर्जुमा विधि तथा अपेक्षित उपलब्धी र आवश्यक सूचना विवरण आदी बारे छलफल गरिएको थियो । गाउँपालिकाको राजस्व परिचालन सम्वन्धमा गाउँ कार्यपालिकाका पदाधिकारी तथा कर्मचारी, राजस्व परामर्श समितिका सदस्य तथा अन्य सरोकारपक्षलाई अभिमुखीकरण तथा राजस्व सुधार कार्ययोजना तर्जुमा गर्न २०७५ माघ २४ गते अभिमुखीकरण तथा योजना तर्जुमा कार्यशाला गोष्ठी आयोजना गरिएको थियो । गाउँपालिकाका उपप्रमुख तथा राजस्व परामर्श समितिका संयोजक श्री अञ्जु आचार्यले अध्यक्षता गर्नु भएको कार्यक्रमको उद्घाटन गाउँपालिकाका अध्यक्ष तथा कार्यक्रमका प्रमुख अतिथि श्री योविन्द्र सिंह तामाङ्गले गर्नु भएको थियो । कार्यक्रमको संचालन गाउँपालिकाका कर्मचारी राजु अधिकारीले गर्नु भएको थियो ।

कार्यशालाको उद्घाटन कार्यक्रममा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री रामहरी गजुरेलले कार्यक्रममा उपस्थित प्रमुख अतिथि, सहभागिलाई स्वागत गर्दै कार्यक्रमको आवश्यकता र उद्देश्य माथि प्रकाश पार्नु भएको थियो । स्वागत मन्तव्यको क्रममा प्रमुख प्रशासकीय अधिकृत गजुरेलले पूर्णीमा (भूकम्प पश्चातको पुनःर्लाभमा वेलायती सहयोग नियोगको सहयोग) कार्यक्रमको गाउँपालिका स्तरमा क्षमता विकास कार्यमा सहयोग गर्ने प्रतिबद्धता अनुसार गाउँपालिकको अनुरोधमा गाउँ कार्यपालिकाका पदाधिकारी र कर्मचारीको

उपस्थितिमा राजस्व सुधार, योजना तथा बजेट तर्जुमा प्रक्रियामा सहयोग गर्न यो कार्यक्रम संचालन गरिएको जानकारी गराउनु भयो । स्थानीय राजस्वको सुदृढीकरणबाट नै गाउँपालिकालाई सक्षम तथा विकास कार्यलाई दीगो बनाउन संभव हुन्छ र यस प्रकारको अभिमुखीकरण, अध्ययन तथा कार्यशालाले गाउँपालिकाको राजस्व सुदृढीकरणमा योगदान पुऱ्याउने धारणा राख्नु भएको थयो ।

कार्यक्रमको उद्घाटन गर्दै गाउँपालिकाका अध्यक्ष श्री योविन्द्र सिंह तामाङ्गले गाउँपालिकाको आन्तरिक राजस्व सुदृढीकरणका लागि आन्तरिक आयको संभाव्यता अध्ययन तथा विश्लेषण, राजस्व सुधार योजना तर्जुमा कार्यशाला गोष्ठी उपयोगी रहेको विचार व्यक्त गर्नु भयो । संघीय शासन प्रणालीमा सबै तहका सरकारहरुबाट राजस्व अधिकारको अधिकतम उपयोग एवं स्थानीय तहमा राजस्व संकलन र व्यवस्थापनको प्रभावकारिता र विकास कार्यमा लगानी बृद्धिका लागि आर्थिक रुपमा सबल तथा सक्षम स्थानीय सरकारको आवश्यकता पर्दछ । आन्तरिक राजस्व मार्फत नै स्थानीय सरकारको रुपमा गाउँपालिका सक्षम वा बलियो हुने हो । तर यसका लागि हामीले के प्रयास गरेका छौ, के हामीले आफैले संचालन गरेको व्यावसाय तथा सेवाको शुल्क तिरेका छौं भन्दै गाउँपालिकाको आन्तरिक राजस्व सुदृढीकरणमा योजनाबद्ध प्रयास तथा विशेष ध्यान दिन आवश्यक रहेको जानकारी गराउँदै यस दिशामा अगाडी बढ्न यस प्रकारको कार्यक्रम अति सार्न्दभिक र उपयोगी हुने धारणा व्यक्त गर्नु भयो । यस कार्यमा सहयोग प्रदान गर्ने पूर्णीमा कार्यक्रम र परामर्शदाता टोलीलाई धन्यबाद ज्ञापन गर्नु भएको थियो । उद्घाटन कार्यक्रमको अन्त्यमा, कार्याशालाको अध्यक्षता गर्नु हुने गाउँपालिकाका उपाध्यक्ष तथा राजस्व परामर्श समितिको संयोजक श्री अञ्जु आचार्यले हामी निर्वाचित भएर स्थानीय सरकारको रुपमा दुई बर्ष काम गरी सक्दा पनि हामीले कर, शुल्क र दस्तुरको फरक समेत बुझ्न सकेका छैनौ, स्थानीय राजस्व अधिकार क्षेत्र अनुसार राजस्व अनुमान र सो अनुसार राजस्व संकलन गर्न सकिरहेका छैनौ भन्ने धारणा राख्नु भएको थियो । मन्तव्यको क्रममा उहाँले स्थानीय सरकारको आन्तरिक राजस्व विशेष गरी कर, शुल्क, दस्तुर र विक्रीको आधार, शिर्षकगत दायरा र दर निर्धारण, राजस्वको वस्तुपरक अनुमान, संकलन तथा अभिलेख व्यवस्थापनमा योजनाबद्ध प्रयासका लागि यस प्रकारको अभिमुखीकरण, अध्ययन तथा परामर्श र कार्यशाला गोष्ठी अत्यन्त उपयोगी हुने र राजस्व संकलनको प्रभावकारिता अभिबृद्धीमा सहयोग पुग्ने धारणा राख्नु भएको थियो । सो अवसरमा अभिमुखीकरण तथा कार्यशालमा सक्रिय सहभागिताको लागि अनुरोध गर्दै गाउँपालिकाको राजस्व सुधारमा योगदान गर्न अनुरोध गर्नुभएको थियो ।

कार्यक्रमको उद्घाटन पश्चात् स्थानीय तहको राजस्व परिचालन अभिमुखिकरण कार्यक्रमको परामर्शदाता टोलीका श्री प्रेम दवाडी तथा सुरेन्द्र वाग्लेले सहजीकरण गर्नु भएको थियो । उक्त सत्रमा स्थानीय तहको राजस्व अधिकारका सैद्धान्तिक, कानुनी तथा प्रशासनिक विषयमा प्रस्तुती र सो उपर छलफल भएको थियो । प्रस्तुतीको क्रममा गाउँपालिकाका आन्तरिक आयका मुख्य स्रोतहरू, संकलनको संभावना तथा हालको परिचालनको अवस्थावारे छलफल भई सुधार गर्नुपर्ने पक्षमा समेत छलफल भएको थियो । अन्त्यमा, राजस्व सुधार कार्ययोजनाको प्रतिवेदन तयारीका लागि आवश्यक पर्ने सूचना, सो को संकलन तथा विश्लेषणको औजार तथा विधिका बारेमा प्रस्तुती तथा छलफल गरिएको थियो ।

कार्यक्रमको दोश्रो सत्र गाउँपालिकाको राजस्व सुधार सम्बन्धी रणनीति तथा कार्ययोजना तर्जुमामा केन्द्रित भएको थियो र सो को लागि एसडिआईसीका विषयविज्ञद्वारा सहभागीहरूबाट दुप्चेश्वर गाउँपालिकाको राजस्व सुधार गर्न के गर्नुपर्ला भनी सुझाव माग गरिएको थियो । वृहत सत्रमा सहभागीहरूबाट प्राप्त सुझाव देहाएअनुसार वक्समा प्रस्तुत गरिएको छ :

दुप्चेश्वर गाउँपालिकाको राजस्व सुधारको लागि प्राप्त सुझावहरु

- *स्थानीय तहको राजस्व अधिकार, राजस्व परिचालनका विषय क्षेत्र तथा गाउँपालिकाको आर्थिक ऐनका विषयमा वडास्तरमा वडा समितिका पदाधिकारी, कर्मचारी तथा करदाताको सहभागितामा अन्तरक्रिया गर्ने,*
- *गाउँपालिका क्षेत्र भित्र व्यापार तथा व्यवसाय संचालन गर्ने व्यापार व्यवसायीसँग परामर्श गरी गाउँपालिकामा दर्ता तथा अनुमतीको लागि अनुरोध गर्ने,*
- *स्थानीय तहको राजस्व अधिकार (कर तथा गैर कर) का विषय क्षेत्र समावेश गरी गाउँपालिकाको राजस्व व्यवस्थापन सम्बन्धी एकीकृत कार्यविधि तर्जुमा गरी कार्यान्वयन गर्ने,*
- *गाउँपालिकाको राजस्व परिचालनको लागि आवश्यक आधारभूत तथ्याङ्क आधार तयार गर्ने, कराधार तथा दायरा पहिचान गर्ने, राजस्व परिचालनका संभाव्य क्षेत्रहरुको संभाव्यता अध्ययन तथा विश्लेषण गर्ने,*
- *राजस्व संकलनको प्रक्रिया निर्धारण, अनुगमन, नियन्त्रण तथा अभिलेख प्रणालीको व्यवस्था गर्ने,*
- *गाउँ कार्यपालिका कार्यालय तथा वडा कार्यालयमा शिर्षकगत रुपमा राजस्व संकलनको अभिलेख राख्ने, संकलित रकमको वैंक दाखिला सहित विवरण नियमित तयार गर्ने,*
- *कर प्रशासनमा सूचना प्रविधि तथा सफ्टवयर प्रणाली स्थापना र संचालन गर्ने,*
- *करको दायरा बृद्धि गरी सबै करदातालाई करको दायरामा ल्याई संकलनको व्यवस्था गर्ने,*
- *न्यून करको दर, व्यवस्थित र सरल संकलन प्रक्रिया र कर उत्प्रेरणा लगायत सहुलियतको व्यवस्था गर्ने,*
- *कर, सेवा शुल्क र दस्तुरको दर निर्धारण गर्नु अघि सरोकारवाला तथा सम्बन्धित क्षेत्रका करदातासँग राय परामर्श तथा अन्तरक्रिया गर्ने*

गाउँपालिकाको राजस्व परिचालनका संभाव्य क्षेत्र पहिचान, संभाव्यता विश्लेषण गरी उपलब्ध सूचना, राजस्व प्रशासन र प्राविधिक पक्षहरुका आधारमा राजस्व सुधार कार्ययोजना तर्जुमा गर्न सहभागिहरुलाई विभिन्न ४ समूहमा विभाजन गरी समूहगत छलफल तथा वृहत समूहमा प्रस्तुत गरी कार्ययोजना मस्यौदा तयार गरिएको थियो । समूहगत अभ्यास तथा छलफलका देहायअनुसारका विषय क्षेत्रमा वर्गीकरण गरी कार्ययोजनाको मस्यौदा तयार गरिएको थियो :

विषय क्षेत्र १ : राजस्वका शिर्षकगत दर, दायरा तथा प्रक्षेपण

विषय क्षेत्र २ : कर राजस्व सुधार कार्य योजना

विषय क्षेत्र ३ : गैरकर राजस्व सुधार कार्य योजना (नयाँ क्षेत्र समेत)

विषय क्षेत्र ४ : राजस्व प्रशासन (आयको लगत अभिलेख तथा संकलन, संगठन र समन्वय)

समूहगत छलफल गरी निष्कर्षमा पुग्न हरेक विषय क्षेत्रमा परामर्शदाता सहजकर्ताबाट आवश्यक सहजीकरण गरिएको थियो । छलफलको अन्त्यमा, छुट भएका विषयमा पदाधिकारी तथा कर्मचारीबाट थप सुझाव प्रदान गरिएको थियो । सहभागितामूलक छलफलका कार्यका लागि कार्ड, चार्ट र प्रोजेक्टरको समेत उपयोग गरिएको थियो ।

विषय १: राजस्व दायरा र दर निर्धारण	**विषय ४: राजस्व प्रशासन सुधार योजना**
उपाध्यक्ष, राजस्व परामर्श समिति संयोजक, अञ्जु आचार्य आन्तरिक आयका शिर्षकगत दायरा, दर र अनुमान प्रस्तुत गर्दै	*प्रमुख प्रशासकीय अधिकृत श्री रामहरी गजुरेल राजस्व प्रशासन सम्बन्धी कार्ययोजना प्रस्तुत गर्दै*
विषय क्षेत्र २: कर राजस्व सुधार योजना	**विषय क्षेत्र ३: गैर कर राजस्व सुधार योजना**
वडा नं. ६ का वडा अध्यक्ष श्री किशोर आचार्य कर राजस्व सुधार योजना मस्यौदा प्रस्तुत गर्दै	*वडा अध्यक्ष तथा कार्यपालिका सदस्य श्री ध्रुव के.सी गैरकर राजस्व सुधार योजना मस्यौदा प्रस्तुत गर्दै*

राजस्व सुधार सम्बन्धी रणनीति तथा कार्ययोजना तर्जुमा सम्बन्धी सहभागितामूलक छलफल पश्चात् गाउँपलिकाको राजस्व सुधार कार्ययोजना तर्जुमा तथा आगामी तीन आ.व.का राजस्व प्रक्षेपणका लागि आवश्यक तथ्याङ्क तथा सूचना संकलनका लागि राजस्व परामर्श समितिका सदस्य सचिव तथा गाउँ कार्यपालिकामा राजस्व हेर्ने कर्मचारी विष्णु तामाङलाई जिम्मेवारी तोकिएको थियो । परामर्शदाताको प्रत्यक्ष सहयोग र समन्वयमा आवश्यक सूचना तथा तथ्याङ्क संकलन गर्ने जिम्मेवारी तामाङलाई प्रदान गरिएको थियो ।

अन्त्यमा, गोष्ठीको अध्यक्षता गरिहनु भएकी उपाध्यक्षले कार्यक्रमको निष्कर्ष प्रस्तुत गर्दै उपस्थित सम्पुर्णलाई सक्रिय सहभागिता र योगदानको लागि धन्यवाद दिंदै कार्यक्रम समापन गर्नु भएको थियो । स्थानीय तहको राजस्व सम्बन्धी अभिमुखीकरण तथा योजना तर्जुमा कार्यशालाको कार्यक्रम तालिका र उपस्थिति विवरण यस प्रतिवेदनको **अनुसूची ३** मा प्रस्तुत गरिएको छ ।

कार्यशालाको अन्त्यमा, गोष्ठीको अध्यक्षता गर्नु हुने गाउँपालिकाका उपाध्यक्ष राजस्व परामर्श समितिका संयोजक श्री अञ्जु आचार्यले कार्यक्रमको निष्कर्ष प्रस्तुत तथा उपस्थित सम्पूर्ण एवं प्राविधिक टोलीलाई धन्यबाद दिंदै कार्यक्रम समापन गर्नु भएको थियो । समापनको क्रममा उपाध्यक्ष आचार्यले गाउँपालिकाको राजस्व क्षमता अभिबृद्धी योजनाबद्ध रुपमा प्रयासहरु अगाडी गराउन यो कार्यक्रम अन्त्यन्त सान्दर्भिक र लाभदायी भएको जानकारी गराउँदै कार्यक्रमका बारेमा देहायअनुसार संक्षेपीकरण गर्नु भएको थियो ।

- *गाउँपालिकाको आन्तरिक आय संभाव्य क्षेत्रको पहिचान, आधार तथ्याङ्क तयारी, संभाव्यता विश्लेषण र राजस्व सुधार सम्बन्धी रणनीति तथा कार्य पहिचान हुने*
- *गाउँपालिकाको दीगो आर्थिक, सामाजिक र पूर्वाधार विकासमा लगानी अभिबृद्धी गर्न गाउँपालिकालाई आर्थिक रुपमा सक्षम, सबल र आत्मनिर्भर बनाउन आवश्यक रहेको*
- *गाउँपालिकालाई सबल र आर्थिक रुपमा सक्षम बनाउन गाउँपालिकाको राजस्व अभिबृद्धि गर्नु पर्ने र सो को लागि योजनाबद्ध प्रयासको आवश्यकता रहेको*
- *गाउँपालिकामा उद्योग, व्यापार र व्यवसाय सृजना तथा विकास गरी सामर्थ्यमा आधारित राजस्व परिचालनद्धारा आर्थिक तथा सामाजिक क्षेत्रमा लगानी बृद्धी गर्न राजस्व सम्बन्धी अध्ययन तथा कार्ययोजनाबाट सहयोग पुग्ने*
- *स्थानीय संभाव्यता अनुसार राजस्व प्रक्षेपणलाई यथार्थपरक बनाउने र असुली तथा राजस्व प्रशासनलाई पारदर्शी र व्यवस्थित बनाउन अध्ययन तथा छलफल आवश्यक देखिएको*
- *अध्ययन तथा विश्लेषणमा सम्पत्ती कर, मालपोत, व्यवसाय कर, वहाल विटौरी कर, पर्यटन सेवा शुल्क, ढुङ्गा, गिट्टी, बालुवा विक्री शुल्क र अन्य सेवा शुल्क परिचालनलाई विशेष ध्यान पुऱ्याउन आवश्यक रहेको*
- *करदाता शिक्षा, कर उत्प्रेरणा, करदातामैत्री प्रशासनको व्यवस्था र संकलित आयको उच्चतम उपयोग हुने कुरामा विश्वास दिलाई कर तिर्न उत्प्रेरित गर्ने*
- *कर तथा गैरकर को दर तथा संकलन प्रक्रिया निर्धारण गर्नु अघी करदाता र सम्पूर्ण सरकोरवालाहरूसँग नियमित अन्तरक्रिया गरी राजस्व परिचालन सम्बन्धी कार्य संचालन गर्नु पर्ने*
- *राजस्व सुधार कार्ययोजनाको कार्यान्वयनले गाउँपालिकाको आय परिचालनमा सहयोग पुग्ने ।*

१.३.४ तथ्याङ्क तथा विवरण संकलन

अध्ययन तथा परामर्शका लागि विषय विज्ञहरुद्धारा गाउँपालिकाका पदाधिकारी, कर्मचारी, विभिन्न शाखाका प्रमुख तथा प्रतिनिधि, सरोकारवाला पक्षसँग परामर्श तथा छलफल, स्थलगत भ्रमण तथा अवलोकनबाट आवश्यक सूचनाहरू संकलन गरिएको थियो । यसका अलावा तथ्याङ्क संकलनका तोकिएको कर्मचारीद्धारा समेत आवश्यक तथ्याङ्क संकलन गरी प्राविधिक टोलीलाई उपलब्ध गराएको थियो । संभाव्यता अध्ययनको लागि देहायअनुसारको क्षेत्रगत तथ्यांक एवं सूचनाहरू संकलन गरिएको थियो :

- राजस्व प्रशासन तथा सूचना व्यवस्थापन सम्बन्धी विवरण
- गत आ.व. तथा चालु आर्थिक वर्षको यथार्थ आय विवरण
- चालु आर्थिक वर्षको आर्थिक ऐन तथा आय बजेट
- आन्तरिक आय संकलनको अवस्था, परिचालनका क्षेत्र, दायरा र दर सम्बन्धी विवरण
- आन्तरिक आयका संभावित नयाँ क्षेत्रहरू सम्बन्धी तथ्याङ्क तथा विवरण

१.३.५ तथ्याङ्क विश्लेषण तथा मस्यौदा कार्ययोजना तयारी

योजना तर्जुमा कार्यशालाको सहभागितामूलक छलफल, अध्ययन विश्लेषणबाट प्राप्त तथ्याङ्कलाई विभिन्न तथ्याङ्कीय औजारहरू तथा विधिहरूको प्रयोग गरी विश्लेषण गरिएको थियो । यसरी विभिन्न विधिहरूबाट विश्लेषण पश्चात प्राप्त निष्कर्ष तथा जानकारीलाई तालिका, ग्राफ, चार्ट र लिखतमा प्रस्तुत गरी राजस्व सुधार कार्ययोजनाको प्रारम्भिक मस्यौदा तयार गरिएको छ ।

१.३.६ कार्ययोजना मस्यौदा प्रतिवेदन सम्बन्धित पक्ष समक्ष पेश

मस्यौदा प्रतिवेदन कार्यक्रमका मुख्य सरोकारवाला पक्षहरू गाउँपालिका लगायत सहयोगी निकाय सपक्ष आवश्यक सुझाव तथा सल्लाहका लागि पेश गरिएको छ । यस प्रारम्भिक प्रतिवेदनमाथि गाउँपालिका तथा सरोकारवाला

पक्षको राय सुझाव प्राप्त भएपछि गाउँपालिकाको आयोजनामा अन्तिम कार्यशाला गोष्ठी आयोजना गरी प्रतिवेदन प्रस्तुत तथा अध्ययन विश्लेणको निष्कर्ष, कार्ययोजनाको मस्यौदा उपर छलफल गरिनेछ ।

१.३.७ अन्तिम कार्यशाला गोष्ठीको आयोजना

गाउँपालिकाको आयोजनामा २०७५ साल चैत्र १८ गते **"राजस्व सुधार कार्ययोजना तर्जुमा"** मस्यौदा प्रतिवेदन प्रस्तुति तथा सुझाव संकलनका लागि एक दिने कार्यशाला संचालन गरिएको थियो । गाउँपालिकाका अध्यक्ष श्री योविन्द्र सिंह तामाङ्गको अध्यक्षतामा संचालित कार्यशालामा गाउँ कार्यपालिका पदाधिकारीहरू, कर्मचारीहरू, उद्योग वाणिज्य संघ र निर्माण व्यवसायी संघका प्रतिनिधि लगायत ३० जनाको सहभागिता रहेको थियो । उक्त गोष्ठीको संचालन गाउँपालिकाका कर्मचारी राजु अधिकारी गर्नुभएको थियो भने प्रमुख प्रशासकीय अधिकृत, श्री रामहरी गजुरेलले स्वागत मन्तव्य व्यक्त गर्दै प्रस्तुती तथा सुझाव संकलन कार्यशालाको उद्देश्य माथि प्रकाश पार्नु भएको थियो ।

कार्यक्रममा प्राविधिक टोलीको तर्फबाट श्री प्रेम दवाडी तथा सुरेन्द्र वाग्लेले मस्यौदा प्रतिवेदनका मुख्य विषयवस्तुहरू प्रस्तुत गर्नु भएको थियो । प्रस्तुतीका विषयवस्तु उपर विस्तृत समूहमा बुँदागत रुपमा छलफल भएको थियो र सहभागीहरूबाट सुझावहरू संकलन गरिएको थियो । कार्यशालाको अन्त्यमा, गाउँपालिकाका अध्यक्ष श्री योविन्द्र सिंह तामाङ्गले प्रस्तुत विषयवस्तु अत्यन्त सान्दर्भिक भएको र यसले गाउँपालिकाको राजस्व परिचालन तथा प्रशासन सुधारका महत्वपूर्ण पक्षहरूमा स्पष्टता ल्याएको, आर्थिक ऐन तर्जुमा, आन्तरिक आयको अनुमान र राजस्वको प्रक्षेपण सम्बन्धमा ठूलो योगदान पुग्ने जानकारी दिनु भएको थियो । अन्त्यमा, राजस्व सुधार कार्ययोजनाले समेटेका कार्यहरुलाई क्रमबद्ध रुपमा कार्यान्वयन गरी राजस्व व्यवस्थापन प्रणाली सुदृढीकरण गर्न गाउँपालिकाले विशेष पहल गर्ने कुरा व्यक्त गर्दै कार्यक्रम समापन गर्नु भएको थियो । प्रस्ततु तथा छलफल कार्यक्रममा सहभागिहरूको नामावली **अनुसूची ४** मा दिइएको छ ।

१.३.८ प्रतिवेदनको अन्तिम रुप

गाउँपालिका तथा सरोकारवाला पक्षले राजस्व सुधार कार्ययोजनाको मस्यौदा अध्ययन गरी सुझाव तथा सल्लाह प्रदान गुर्नभएको थियो । साथै मस्यौदा प्रस्तुती तथा छलफल कार्यक्रमबाट पनि सुझाव तथा सल्लाहहरू प्राप्त भएको थियो । यसरी प्राप्त सार्न्दभिक सुझाव तथा पृष्ठपोषणलाई प्रतिवेदनमा समावेश गरी यस राजस्व सुधार कार्ययोजनाको अन्तिम प्रतिवेदन तयार गरिएको छ ।

१.४ राजस्व सुधार कार्ययोजना दस्तावेज

राजस्व सुधार कार्ययोजना (Revenue Improvement Action Plan) नेपालको प्रदेश नम्बर ३ अन्तर्गत नुवाकोट जिल्लाको दुप्चेश्वर गाउँपालिकाले तर्जुमा गरेको हो । यस कार्ययोजनाममा संवैधानिक व्यवस्था र विद्यमान कानूनी तथा नीतिगत आधारमा गाउँपालिकाको राजस्व परिचालनको वर्तमान स्थितिको अध्ययन तथा विश्लेषण गरी राजस्व सुधारका लागि गर्नुपर्ने कार्यहरूको पहिचान तथा सो को आधारमा आगामी ३ आर्थिक वर्षको राजस्व प्रक्षेपण गरिएको छ । यस राजस्व सुधार कार्ययोजनाले गाउँपालिकाको राजस्व व्यवस्थापन तथा अधिबृद्धि सम्बन्धी कार्यलाई मार्गदर्शन गर्ने तथा राजस्व परिचालन कार्यको अनुगमनका लागि आधार प्रदान गर्नेछ । यस

कार्ययोजनामा समावेश राजस्व प्रक्षेपणले गाउँपालिकाको आगामी बर्षहरूको आय बजेट तयार गर्न आधार उपलब्ध गराउने छ । यस कार्ययोजनामा देहायको विषयवस्तुलाई समेटिएको छ :

१. राजस्व सुधार कार्ययोजनाको आवश्यकता तथा तयारी विधि
२. गाउँपालिकाको संक्षिप्त परिचय
३. स्थानीय तहको राजस्व अधिकार तथा आय संभाव्यता
४. राजस्व संकलनको संस्थागत क्षमता तथा संकलनको अवस्था
५. राजस्व सुधार कार्ययोजना
६. आगामी ३ वर्षको आय प्रक्षेपण
७. निष्कर्ष तथा सुझाव

गाउँपालिकाको राजस्व व्यवस्थापन प्रणाली सुदृढीकरण तथा क्षमता अभिबृद्धीका लागि बेलायती सहयोग नियोग अन्तर्गत पूर्णिमा : भूकम्प पश्चात्को पुर्नलाभमा वेलायती सहयोग नियोगको सहयोगको आर्थिक सहयोग तथा सपोर्ट फर डेभलपमेण्ट ईनिसियटिभ्स् कन्सल्टेन्सी प्रा.लि. (SDIC), काठमाडौंको प्राविधिक सहयोगमा गाउँपालिकाले यस राजस्व सुधार कार्ययोजना तर्जुमा गरेको हो । यस राजस्व सुधार कार्ययोजना गाउँपालिकाको नेतृत्व, राजस्व परामर्श समितिको सक्रियता र एसडिआईसीका विषय विज्ञहरुको सहजीकरणमा गाउँ कार्यपालिकाका पदाधिकारी, कर्मचारी, स्थानीय उद्योग व्यापार संघ, नागरिक समाज तथा स्थानीय करदाता प्रतिनिधिको सहभागितामा कार्यशाला, छलफल तथा अध्ययन गरी तर्जुमा गरिएको हो ।

१.५. अध्ययनको सीमा

संघीय शासन व्यवस्थामा राज्यको मूल संरचनाको रुपमा रहेको गाउँपालिकाको राजस्व सुधार कार्ययोजनाको क्षेत्र व्यापक रहेको भएता पनि राजस्व परिचालन सम्बन्धी स्थानीय परिवेश, आवश्यक तथ्याङ्क तथा सूचनाको सीमित उपलब्धता र गाउँपालिकामा सिमित जनशक्ति लगायत यस अध्ययनका सीमाहरू देहायअनुसार रहेका छन् :

- अध्ययन तथा विश्लेषण कार्य प्रमुख रुपमा कार्यालयको अभिलेख, दस्तावेज र प्रतिवेदन तथा द्वितीय स्रोतहरूबाट प्राप्त तथ्याङ्क र सूचनालाई आधार लिइएको छ । यसका अतिरिक्त गाउँ कार्यपालिकाका पदाधिकारीहरु, कर्मचारीहरू तथा अन्य सरोकारवाला पक्षहरुसँग भएको छलफलबाट प्राप्त सूचनाहरू लाई पनि अध्ययन तथा विश्लेषमा समावेश गरिएको छ ।

- गाउँपालिकाको आन्तरिक आय तथा स्रोत परिचालन सम्बन्धी अध्ययनको लागि उपलब्ध गराइएको फाराम अनुसार प्राप्त तथ्याङ्कहरू कार्यपालिकाको कार्यलय तथा विभिन्न शाखा, उपशाखा र इकाईको अभिलेख तथा केही स्थलगत अध्ययनवाट संकलन गरिएको छ । तथ्याङ्क संकलनको लागि विस्तृत स्थलगत सर्भेक्षण कार्य गरिएको छैन ।

- संघीय तथा प्रदेश सरकारसँग राजस्वको बाँडफाँडको व्यवस्थाले पूर्णता नपाएकोले यस प्रतिवेदनमा सवै शिर्षकहरु समावेश गर्न सकिएको छैन । सो विषयमा स्पष्टता भए पश्चात् यस प्रतिवेदनलाई परिमार्जन गर्न आवश्यक देखिन्छ, जुन कार्य यस अध्ययनको कार्यक्षेत्रमा समावेश छैन ।

- गाउँपालिकाको जनसंख्या तथा आर्थिक गतिविधिमा हुने वृद्धि, सेवा प्रवाह र नागरिक संन्तुष्टिमा हुने वृद्धि, मूल्याङ्कन दर तथा राजस्वका दरको पुनरावलोकन आदि क्रियाकलापहरूले भविश्यको राजस्व संकलनमा असर गर्ने भएता पनि यी तथ्याङ्क उपलब्ध नभएकोले आय प्रक्षेपणमा आधार लिन सकिएको छैन ।

परिच्छेद दुई : गाउँपालिकाको संक्षिप्त परिचय

यस परिच्छेदमा गाउँपालिकाको आय परिचालनसँग राजस्व प्रशासन लगायत सम्बन्धित विषयलाई समावेश गरिएको छ । यसमा गाउँपालिकाको भौगोलिक, प्रशासनिक, आर्थिक, सामाजिक, भौतिक तथा संस्थागत क्षमतालाई चित्रण गरिएको छ ।



२.१ गाउँपालिकाको संक्षिप्त परिचय

संघीय गणतन्त्र नेपालको प्रदेश नं. ३ अन्तर्गत नुवाकोट जिल्लाको पूर्व उत्तर क्षेत्रमा अवस्थित दुप्चेश्वर गाउँपालिका ऐतिहासिक, भौगोलिक, अवस्थिति, आर्थिक, सामाजिक तथा साँस्कृतिक र प्राकृतिक श्रोत एवं साधन, पर्यटनका दृष्टीले निकै संभावनायुक्त रहेको छ । तर आर्थिक, सामाजिक विकास सेवा तथा भौतिक पूर्वाधारको दृष्टिकोणबाट पछाडि रहेको छ ।

भौगोलिक अवस्थिति

संघीय गणतन्त्र नेपालको प्रदेश नम्बर ३ अन्तर्गत नुवाकोट जिल्लाको उत्तर पूर्वमा दुप्चेश्वर गाउँपालिका अवस्थित रहेको छ । यस गाउँपालिकाको उत्तरमा रसुवा र सिन्धुपाल्चोक जिल्ला, दक्षिणमा शिवपुरी गाउँपालिका, पुर्वमा सिन्धुपाल्चोक जिल्ला र पश्चिममा तादी तथा पन्चकन्या गा.पा. र रसुवा जिल्ला रहेको छ । यस गाउँपालिकाको केन्द्र वडा नं. ६ को समुन्द्रटारमा रहेको छ जुन नुवाकोट जिल्लाको सदरमुकाम विदुरबाट करिब ३० कि.मि. दुरीमा रहेको छ । जिल्लाको कूल भूभागको ११.७४ प्रतिशत भूभाग ओगटेको यस गाउँपालिकाको क्षेत्रफल १३१.६२ वर्ग कि.मि. रहेको छ ।



दुप्चेश्वर गाउँ जन श्रुति

"परापुर्व कालमा करेजुङ बस्ने वासु तामाङ (वासे) को गोगन चउरमा रहेको गाईगोठबाट गाईहरू हराएछन। आसपासका वनजंगल चाहारेर गाईहरू खोजि गर्दा कतैपनि पत्ता लाग्न सकेन। थकित भएर आफ्नो गोठमा सुतेका वासु तामाङ लाई सपनामा एउटा सुन्दर जोगिले दर्शन दिएर भनेछन, तिम्रो गाई यहि पहरामा छन। खोजी गर नभन्दै भोलि पल्ट खोजि गर्दा कुर सिमलाको लहराले छोपिएको विकट ठुड्डे पहराको शिला खण्डमा रहेको अर्धौंतो आकारको शिवलिङ्ग माथि चारै थुनबाट दुध झारिरहेको अवस्थामा गाईहरू फेलापरे, यस्तो अनौठो घट्ना पछि त्यस शिव लिङ्गलाई दुप्चेश्वर नामाकरण गरि पुजा आजा र मेला चलाईएको हो।

दुप्चेश्वर हिन्दु, बौद्ध लगायत सम्पुर्ण धर्मावलम्बीहरुको साझा तिर्थ स्थल हो।

दुप्चेश्वर महिमा वाट

यस गाउँपालिका वडा ६ मा अवस्थित प्रसिद्ध तिर्थस्थल दुप्चेश्वर महादेवको नामबाट यस गाउँपालिकाको दुप्चेश्वर नामाकरण गरिएको हो । दुश्चेश्वर महादेव मन्दिर सम्बन्धी जनश्रुती देहायअनुसार रहेको छ ।

गाउँपालिकाको गठन

संघीय संरचना बमोजिम नेपालको पुन:संरचना प्रक्रियामा प्रदेश नम्बर ३ अन्तर्गत नुवाकोट जिल्लाका साविकका सात गाउँ विकास समितिहरु क्रमश: घ्याङ्गफेदी, राउतबेशी, शिखरबेशी, बालकुमारी, समुन्द्रटार, गाउँखर्क र बेतिनी समायोजन गरी २०७३ साल फाल्गुणमा नेपाल सरकारद्धारा दुप्चेश्वर गाउँपालिकाको स्थापना भएको हो । यस गाउँपालिकामा ७ वटा वडा कायम गरिएका छन् ।

जनसांख्यिक स्थिति

तामाङ्ग जनजाती तथा समुदायको वाहुल्यता रहेको यस गाउँपालिकामा मिश्रित बसोबास रहेको छ । राष्ट्रिय जनगणना २०७६ अनुसार यस गाउँपालिकामा ४,४५१ घरपारिवार रहेका छन् भने २२,१०६ जनसंङख्या रहेको छ । जनसंख्याको जातिगत संरचना हेर्दा ८० प्रतिशत तामाङ्ग, दोश्रोमा वाह्मण क्षेत्री १२ प्रतिशत, दलित ४ प्रतिशत, ४ प्रतशत अन्य जनजातीहरु रहेका छन् ।

आर्थिक तथा सामाजिक अवस्था

यो गाउँपालिका संघीय राजधानी काठमाडौ तथा जिल्ला सदरमुकाम विदुरसँग अर्धपक्की सडकले जोडिएको छ । गाउँपालिकाको सात वटै वडाहरु कच्ची सडकको संजालमा जोडिएका छन् । नुवाकोट जिल्लाको सदरमुकाम विदुर देखि यो गाउँपालिका ३० किमीको दुरीमा पर्दछ । यसमध्ये करिब १५ किलोमिटर सडक कालोपत्रे रहेकोमा हाल कालोपत्रे जिर्ण रहेको छ । हाल नौविसे-समुन्द्रटार-राउतवेशी-झगडे-गोल्फुभञ्ज्याङ लगायत ७ वटा मुल्य सडक आयोजना समेत गरी गाउँपालिकामा करिब २०० कि.मि. सडक भैसकेको वा निर्माणाधिन रहेको छ । संघीय राजधानी तथा जिल्ला सदरमुकाम देखी गाउँपालिकाको केन्द्रसम्म नियमित रुपमा सार्वजनिक यातायात संचालनमा रहेका छन् भने गाउँपालिका केन्द्र देखी वडाको केन्द्रसम्म मौसमी रुपमा यातायातका साधनहरु संचालन हुने गरेका छन् ।

यस गाउँपालिकाका मुख्य बजार केन्द्रहरु समुन्द्रटार, रामती, गोल्फुभञ्ज्याङ्ग, राउतवेंशी र कुटुमसाङ रहेका छन् । उपरोक्त बजार केन्द्र लगायतका अन्य बजारले गाउँपालिकामा बसोबास गर्ने बासिन्दालाई दैनिक उपभोग्य, निर्माण तथा आवश्यकताको मालासामान उपलब्ध भइरहेको भए पनि आवश्यक सेवा र थोक सरसामानका लागि विदुर तथा काठमाडौ नै पुग्नु पर्ने अवस्था रहेको छ । स्थानीय बजारमा खास गरी दैनिक उपभोग्य मालसामान, कपडा, निर्माण सामाग्री, लत्ता कपडा र उपलब्ध रहेता बैक तथा वित्तिय संस्था, सेा तथा मालसामान व्यवसाय न्यून रहेको छ । गाउँपालिकामा हालसम्म २ वटा वैक शाखा संचालन भई वैकिङ सेवा उपलब्ध भैरहेको छ भने २० वटा सहकारी संस्थाहरु संचालनमा रहेका छन् । आर्थिक सर्वेक्षण २०७५ अनुसार गाउँपालिका क्षेत्रमा करिब ७६१ को हाराहारीमा विभिन्न किसिमका व्यवसायहरू रहेका छन् भने सो बाट करिव २०६९ जनाले रोजगारी पाएका छन् ।

यस गाउँपालिका क्षेत्रमा अधिकांस जनसंख्या कृषि तथा पशुपालनमा आश्रित रहेता पनि बैदेशिक रोजगार जानेको संख्या पनि रहेको पाइन्छ । यातायात तथा अन्य पूर्वाधारको विकास र सेवा सुविधाको विस्तारसँग व्यापार व्यवसाय पनि बृद्धि भइरहेको छ र होमस्टे लगायत पर्यटन सेवाको पनि विकास हुँदै गइरहेको छ । यसर्थ यहाँको प्रमुख आर्थिक स्रोतको रुपमा कृषि, बैदेशिक रोजगारी र व्यापार व्यवसाय रहेको छ । भौगोलिक रुपमा विकट भएकोले आवश्यक पुर्वाधारको अवस्था कमजोर रहेको छ । यस गाउँपालिकाको शिक्षा, स्वास्थ्य, गरिवि तथा अन्य सूचकहरु पनि तुलनात्मक रुपमा कमजोर देखिन्छ । यस क्षेत्रमा तामाङ जातिको प्रमुख वसोवास रहेको पाउन सकिन्छ । प्रशिद्ध धार्मिक क्षेत्र गोसाईकुण्ड जाने प्रमुख पर्यटकीय मार्ग पनि यसै गाँउपालिकामा रहेको छ ।

प्राकृतिक सम्पदा

यस गाउँपालिकाको कुल क्षेत्रफल मध्ये ४० प्रतिशत जमीन वन क्षेत्रले ओगटेको छ भने त्यती नै प्रतिशत कृषि योग्य जमीन रहेको छ । यस गाउँपालिकामा रहेको शिखरबेशी फाँटलाई मुख्य कृषियोग्य फाँटको रुपमा मानिन्छ । प्राकृतिक श्रोत एवं साधन पर्यटनका दृष्टीले पनि उत्तिकै संभावना रहेको छ । यस गाउँपलिका क्षेत्रमा उपलब्ध प्रमुख प्राकृतिक सम्पदाहरूमा उर्वर भूमी तथा फाँट, खोला नाला, ताल तथा कुण्ड, वन पैदावार र जैविक विविधता एवम् रमणीय स्थानहरु रहेका छन् । लाङटाङ निकुञ्जको मध्यवर्ती क्षेत्रमा रेड पाण्डा लगायत वन्यजन्तु, भ्याउ र चिराईतो जडिबुटीहरू र अन्य गैरकाष्ठ तथा काष्ठजन्य उत्पादनहरू वनक्षेत्रवाट हुने मुख्य उत्पादन हुन् भने यस गाउँपालिका क्षेत्रमा रहेका तादी, चन्द्रमती, सूर्यमती जस्ता खोलानालावाट उत्पादन हुने नदीजन्य पदार्थहरु पनि प्रमुख सम्पदाको रुपमा रहेको छ ।

धार्मिक, साँस्कृतिक एवंम् पर्यटकीय सम्पदा

आर्थिक, सामाजिक, साँस्कृतिक परिवेशले यो गाँउपालिकाले निकै संभावनायुक्त रहेको छ । गाउँपलिका क्षेत्रको घ्याङफेदी तथा गाउँखर्कमा हिउँद याममा बारम्बार हिमपात भैरहने गर्दछ । यस क्षेत्रमा झण्डै हिमाली प्रदेशसँग मेल खाने प्राकृतिक तथा साँस्कृतिक विशेषताहरु पाउँन सकिन्छ । आदबासी जनजातीको तामाङ्गको मूल बसोबास रहेको यस गाउँपालिकमा वौद्ध धर्मालम्बीहरुको प्रतिशत पनि उलेख्य रहेको छ । यस गाउँपालिकामा बौद्ध तथा हिन्दु धर्ममा आधारित धार्मिक, साँस्कृतिक एवम् पर्यटकय सम्पदाहरु रहेका छन् । तामाङ्ग समुदायको सँस्कृति, चालचलन तथा रहनसहन समयानुकुल प्रस्तुत गर्ने गरेको पाइन्छ । दुप्चेश्वर महादेव यस क्षेत्रको निकै प्रचलित र महत्वपूर्ण धार्मिक तथा पर्यटकीय क्षेत्र हो ।

दुप्चेश्वर अलवा लाङटाङ, सागरकुण्ड, याङग्री, रञ्चु, कँडेनी, गोल्फुभज्याङ, घ्याङफेदी यहाँका अन्य प्रमुख पर्यटकिय आकर्षणका क्षेत्रहरू हुन् । यहाँको मुख्य चाडपर्वमा ल्होसार पर्दछ । ल्होसारको अलवा वैशाख पूर्णीमा, माघे सङ्क्रान्ति र नयाँ वर्ष जस्ता विषेश दिन तथा पर्वहरू हुन् ।

२.२ गाउँपालिकाको संगठन संरचना तथा मानवीय संसाधन

संघीय शासन व्यवस्था अनुसार राज्यको पुनःसंरचना प्रक्रियाबाट नवगठित यस गाउँपालिकाको २०७४ बैशाख ३१ गते सम्पन्न स्थानीय तहको निर्वाचतबाट निर्वाचित गाउँ कार्यपालिका मार्फत गाउँपालिकाको कार्य संचालन हुदै आएको छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्रस्तावित संगठन संरचना देहायअनुसार रहेको छ ।



उपरोक्त संगठन संरचना अनुसार गाउँपाकिलकामा ५ वटा शाखाहरू, १ आन्तरिक लेखा परिक्षण ईकाई र ५ वटा वडा कार्यालय समेत १६ वटा इकाईहरु प्रस्ताव गरिएको छ । संगठन संरचनामा गाउँपालिकामा प्रशासन, योजना तथा अनुगमन शाखा अन्तर्गत राजस्व उपशाखाको व्यवस्था रहेको छ । तर हालसम्म प्रस्तावित संगठन संरचना अनुसार कर्मचारीको व्यवस्था भएको छैन । गाउँ कार्यपालिका कार्यालयका प्राविधिक शाखाका प्राविधिक सहायकलाई राजस्व सम्बन्धी कामको जिम्मेवारी प्रदान गरेको छ । यस गाउँपालिकामा २०७५ बैशाख पौष

सम्ममा गाउँ कार्यपालिका कार्यालय तथा वडा कार्यालय समेत गरी ३१ जना कर्मचारी कार्यरत रहेका छन् । जसको विवरण देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका १: गाउपालिकामा कार्यरत कर्मचारीह□को विवरण

क्र.सं.	नाम थर	पद	कार्यरत संख्या
१	रामहरी गजेुरल	प्रमुख प्रशासकिय अधिकृत	१
२	सुर्य नारायण सिंह	स्वास्थ्य संयोजक	१
३	मिन वहादुर श्रेष्ठ	श्रोत व्यक्ति	१
४	प्रदिप वि.सी.	सूचना प्रविधि अधिकृत	१
५	सागर वराल	इञ्जिनियर	१
६	ऋषिराम धिमिरे	लेखापाल	१
७	राजु अधिकारी	नायव सुब्बा	१
८	विष्णु प्रसाद खनाल	नायव सुब्बा	१
९	निशा कटुवाल	कृषि प्राविधिक	१
१०	विहारी शरण कुइकेल	स्वास्थ्य संयोजक	१
११	पुनम शाह	सहायक महिला विकास निरिक्षक	१
१२	विष्णु तामाङ्ग	असिस्टेण्ट सवइञ्जिनियर सहायक	१
१३	इन्द्र ब. पाण्डे	असिस्टेण्ट सवइञ्जिनियर सहायक	१
११	रामसिंह तामाङ्ग	सहायक कम्प्युटर अधिकृत	१
१२	लक्ष्मी कार्की	कार्यालय सहायक	१
१३	निर्मला कुइकेल	कानूनी सहजकर्ता	१
१४	रामानन्द चौधरी	सव इञ्जिनियर	१
१५	रोशन के.सी.	सब इञ्जिनियर	१
१६	जीवन पाठक	वडा सचिव	१
१७	नरेन्द्र पोखरेल	वडा सचिव	१
१८	रामराजा के.सी.	वडा सचिव	१
१९	कृष्ण नापित	वडा सचिव	१
२०	श्याम वहादुर बस्नेत	वडा सचिव	१
२१	राजेन्द्र थापा	वडा सचिव	१
२२	रुद्र प्रसाद भट्टराई	वडा सचिव	१
२३	शेर वहादुर मोक्तान	सामाजिक परिचालक	१
२४	प्रविन मोक्तान	सामाजिक परिचालक	१
२५	विमला भुजेल	सामाजिक परिचालक	१
२६	सीतामाया तामाङ	सामाजिक परिचालक	१
२७	सुवर्ण आचार्य	सामाजिक परिचालक	१
२८	प्रमिला थापा	सामाजिक परिचालक	१
२९	राम कुमारी थापा	कार्यालय सहयोगी	१
३०	श्याम के.सी.	कार्यालय सहयोगी	१
३१	मदन श्रेष्ठ	कार्यालय सहयोगी	१
	जम्मा		**३१**

२०७५ पौषसम्ममा गाउँपालिकाको राजस्व शाखामा छुट्टै कर्मचारी कार्यरत रहेका छैनन र राजस्व सम्बन्धी कार्य आर्थिक प्रशासन शाखा, प्रशासन शाखा, प्राविधिक सहायक र वडा सचिवलाई जिम्मेवारी दिई सम्पादन गरिदै आएको छ ।

२.३ गाउँपालिकाको भौतिक सम्पत्ति

गाउँ कार्यपालिकाको कार्यालय वडा नं. ६ को समुन्द्रटारमा रहेको छ । वडा नं. ६ स्थित समुन्द्रटारमा विद्यालयले निर्माण गरेको भवनमा हाल गाउँपालिकाको कार्यालय समेत संचालनमा रहेको छ । सोही कार्यालय भवनमा गाउँपालिकाका सम्पूर्ण शाखा, उपशाखा तथा इकाईहरू संचालनमा रहेका छन् । सवारी साधनको हकमा गाउँपालिकासँग १ वटा वोलेरो जिप र ११ वटा मोटरसाइकल रहेका छन् ।

गाउँपालिकाका ७ वटा वडाहरु मध्ये वडा नं. ४ को वडा कार्यालय सामुदायिक भवनमा र वाँकी ६ वडाका वडा कार्यालयहरू भाडामा संचालन रहेका छन् । गाउँ कार्यपालिका कार्यालयमा इन्टरनेट सुविधा सहित कम्प्युटर, प्रिन्टर र ईमेल सेवा उपलब्ध रहेको छ भने वडा कार्यालयमा कम्प्युटर र प्रिण्टरको सुविधा उपलब्ध रहेको छ ।

गाउँपालिकाको स्वामित्वमा ७ रोपनी जती जग्गा रहेको छ । उक्त जग्गा मध्ये वडा नं. २ को ठाँडेमा ८ आना, वडा नं. ५ भवन डाँडामा १२ आना, वडा नं. ६ रामतीमा १ रोपनी, वडा नं. २ को कुटुमसाङमा ५ रोपनी जग्गा रहेको छ । उक्त जग्गामा गाउँ कार्यपालिका तथा वडा कार्यालय र स्वास्थ्य चौकीहरु संचालनमा रहेका छन् । यसको अलावा गाउँपालिका क्षेत्रमा अन्य सार्वजनिक जग्गाहरू रहेका छन् । तर उक्त जग्गाको एकीन विवरण रहेको छैन । तसर्थ गाउँपालिकाले आफ्नो स्वामित्व तथा हकभोगमा रहेको जग्गा र भवन अन्य सार्वजनिक जग्गाको अभिलेख तयार गरी अद्यावधिक गर्न जरुरी देखिन्छ ।

परिच्छेद तीनः स्थानीय तहको राजस्व अधिकार तथा आय संभाव्यता

यस परिच्छेदमा उपलब्ध कानुनी व्यवस्था अनुसार गाउँपालिकाको आन्तरिक आय परिचालनको संभाव्यतालाई शिर्षकगत रुपमा विश्लेषण गरिएको छ । यसबाट आन्तरिक आय परिचालनको अवस्था तथा सम्भावनाको विस्तृत विश्लेषण हुने र पहिचान गरिएका सवालहरुलाई राजस्व सुधार कार्ययोजनाले संवोधन गर्ने विश्वास गरिएको छ ।

३.१ स्थानीय तहको राजस्व अधिकार सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था

नेपालको संविधानले स्थानीय तहलाई निम्नानुसार राजस्व अधिकार प्रदान गरेको छ :

- सम्पत्ति कर
- मनोरञ्जन कर
- सवारी साधन कर
- घर जग्गा बहाल कर
- विज्ञापन कर
- व्यवसाय कर
- घर जग्गा रजिष्ट्रेशन दस्तुर
- प्राकृतिक स्रोतको आय
- सेवा शुल्क दस्तुर
- दण्ड जरिवाना

संघीय कानुन (**स्थानीय सरकार संचालन ऐन, २०७४**) अनुसार स्थानीय तहलाई देहायअनुसार अधिकार राजस्व संकलन गर्ने अधिकार प्रदान गरेको छ :

(क) गाँउपालिका वा नगरपालिकाको एकल अधिकारः

कर

- सम्पत्ति करः आफ्नो क्षेत्रभित्रको घर र घरजग्गामा । (आर्थिक ऐन २०७५ र केही नेपाल ऐनलाई संसोधन गर्न बनेको ऐन २०७५ वाट संसोधित व्यवस्था)
- भूमि कर (मालपोत): सम्पत्ति कर लगाउने भनि तोकिएको घरजग्गा वाहेकको अन्य जग्गामा (आर्थिक विधयक २०७५ वाट संसोधित व्यवस्था)
- घर जग्गा बहाल करः वहालमा लगाउने घरघनीबाट वहाल रकममा
- व्यवसाय करः पूँजीगत लगानी र आर्थिक कारोबारको आधारमा
- सवारी करः टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सा जस्ता साना सवारी साधनमा
- जडिबुटी, कवाडी र जीवजन्तु कर : आफ्नो क्षेत्रभित्र ऊन, खोटो, जडीबुटी, बनकस (खर), कवाडी माल, जीवजन्तुको हाड, सीङ, प्वाँख, छालाको व्यावसायिक उपयोग गरे बापत

शुल्क

- बहाल बिटौरी शुल्क : आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गा वा सो बनेका संरचनाको उपयोग बापत
- पार्किङ शुल्क : आफ्नो क्षेत्रभित्र कुनै सवारीलाई पार्किङ्ग सेवा उपलब्ध गराए बापत ।

सेवा शुल्क

- आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका केवलकार, ट्रेकिङ्ग, कायकिङ्ग, बञ्जी जम्प, जिपफ्लायर, प्यारागलाइडिङ्ग आदि मनोरञ्जन तथा साहसी खेलकुद सम्वन्धी सेवा वा व्यवसायमा
- आफुले निर्माण, संचालन वा ब्यवस्थापन गरेका स्थानीय पुर्वाधार वा उपलब्ध गराएको देहायको सेवामा सेवामा*(खानेपानी, विजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, फोहरमैला ब्यवस्थापन, सरसफाई, ढल निकास, सडक वत्ति, शौचालय, पार्क, पौडी पोखरी, ब्यायामशाला, पर्यटकीय स्थल, हाटवजार, पशु वधशाला, शवदाह गृह, धोविघाट, सडक, वसपार्क, पुल आदि)*
- अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्याङ्कन सेवा शुल्क
- सिफारिस सम्बन्धी कुनै सेवा शुल्क

दस्तुर

- दर्ता, अनुमति तथा नवीकरण दस्तुरः
  - *एफएम रेडियो संचालन, घ वर्गको निर्माण इजाजत पत्र, विद्यालय स्थापना, स्थानीय स्तरका ब्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा ब्यवसायिक तालिम, ट्युसन, कोचिङ, औषधि पसल, प्लटिङ्ग*
  - *ढुङ्गा, गिट्टी, वालुवा, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन तथा उपयोग*
- नक्सा पास दस्तुर (नक्शा पास नगरी निर्माण भएकालाई तेब्बर दस्तुर)
- पञ्जिकरण ब्यवस्थापन दस्तुर
- वडा मार्फत् गरिने सिफारिश तथा प्रमाणित दस्तुर- दफा १२ (२ ङ) अनुसारको सिफारिश तथा प्रमाणित अन्य सिफारिश तथा कागजात प्रमाणित गरी दिए वापत
- जग्गा नाप जाँच तथा कित्ता काट दस्तुर

विक्री गर्न सक्ने ***(केही नेपाल ऐनलाई संसोधन गर्न बनेको ऐन २०७५ वाट संसोधित ब्यवस्था)***

- गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्र वाताबरणीय प्रभाव मूल्यांकन तथा प्रारम्भिक वाताबरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एवं माटोजन्य बस्तुको विक्री गर्न सक्ने ।
- गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक तथा ऐलानी जग्गामा रहेको काठ दाउरा, जराजुरी, दहत्तर बहत्तर आदिको विक्री गर्न सक्ने ।
- यस्तो विक्रीबाट प्राप्त रकम गाउँपालिका तथा नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने ।

सामुदायिक वनबाट आय प्राप्त गर्ने ***(केही नेपाल ऐनलाई संसोधन गर्न बनेको ऐन २०७५ वाट संसोधित ब्यवस्था)***

- सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई गाउँपालिका तथा नगरपालिकाबाट स्वीकृत गराउनु पर्ने ।
- वन पैदावारको बिक्री वापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्बन्धित गाउँपालिका तथा नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने ।

(ग) प्रदेश तथा संघीय कानून अनुसार प्राप्त हुने (दफा ११ (४)) :

- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी
- खनिज पदार्थको उत्खनन रोयल्टी
- सामुदायिक वनको संचालन व्यवस्थापनबाट प्राप्त रोयल्टी
- पानी घट्ट, कुलो पैनी जस्ता सेवाबाट प्राप्त रोयल्टी

- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी
- खनिज पदार्थको उत्खनन रोयल्टी
- सामुदायिक वनको संचालन व्यवस्थापनबाट प्राप्त रोयल्टी
- खानेपानी महसुल
- स्थानीय साना सतह तथा भूमिगत सिंचाई सेवा शुल्क
- स्थानीय स्तरमा जडिवुटी तथा गैरकाष्ठ वन पैदावार उत्पादन, संकलन, प्रसोधन र वजार ब्यवस्थापन
- जनरल अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र र स्वास्थ्य संस्थाको दर्ता र संचालन अनुमति
- स्थानीय सार्वजनिक यातायातको रुट अनुमति, नवीकरण
- इन्टरनेट सेवा, टेलीसेन्टर, केवल, तारविहिन टेलिभिजन प्रसारण अनुमति, नवीकरण
- स्थानीय तहका पत्रपत्रिकाको दर्ता

संघीय कानुन (**अन्तर सरकारी वित्त ब्यवस्थापन ऐन, २०७४**) अनुसार स्थानीय तहको वित्तीय अधिकार सम्बन्धी व्यवस्था देहाय बमोजिम रहेको छ :

(क) एकल कर प्रशासन सम्वन्धी ब्यवस्था (संघीय आर्थिक ऐन २०७५ वाट संसोधित व्यवस्था)

(क) सवारी साधन करको दर प्रदेशले निर्धारण गर्ने र उठाउने ।

(ख) घरजग्गा रजिश्ट्रेशन शुल्कको दर प्रदेशले निर्धारण गर्ने र नगरपालिका वा गाउँपालिकाले उठाउने ।

(ग) मनोरञ्जन करको दर प्रदेशले लगाउने र नगरपालिका वा गाउँपालिकाले उठाउने

(घ) विज्ञापन करको दर नगरपालिका वा गाउँपालिकाले निर्धारण गर्ने र उठाउने

(ख), (ग) र (घ) बमोजिमको करवाट उठेको रकम मध्ये ६० प्रतिशत रकम नगरपालिका वा गाँउपालिका को संचित कोषमा जम्मा गरी ४० प्रतिशत रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्ने ।

(ङ) प्रदेशले सवारी साधन कर करबाट उठेको रकम प्रदेश विभाज्य कोषमा जम्मा गर्नुपर्ने ।

- *प्रदेश विभाज्य कोषमा जम्मा भएको रकम ६० प्रतिशत रकम प्रदेश सरकारलाई र ४० प्रतिशत स्थानीय तहलाई वाँडफाँड गरिने*
- *आयोगले निर्धारण गरेको निर्धाण गरेको आधार र ढाँचा बमोजिम प्रदेश सरकारले स्थानीय तहलाई वाँडफाँड गर्ने*
- *प्रदेशले मासिक रुपमा सम्वन्धित स्थानीय सञ्चित कोषमा जम्मा गर्नुपर्ने*

(ख) राजस्व वाँडफाँड

- नेपाल सरकारले संकलन गरको मूल्य अभिवृद्धि कर र अन्तशुल्कबाट संकलन भएको रकमको १५ प्रतिशत स्थानीय बिभाज्य कोषमा जम्मा हुने
  - *आयोगले निर्धारण गरेको आधार र ढाँचा बमोजिम बाँडफाँड हुने*
  - *स्थानीय सञ्चित कोषमा मासिक रुपमा प्राप्त हुने*
- प्राकृतिक श्रोतबाट प्राप्त हुने रोयल्टिको बाँडफाँड आयोगको सिफारिसमा प्राकृतिक श्रोतको उपयोगबाट प्रभावित हुने स्थानीय तहलाई २५ प्रतिशत प्राप्त हुने
  - *प्राकृतिक श्रोतबाट प्राप्त हुने रोयल्टि बार्षिक रुपमा प्राप्त हुने*

(ग) अनुदान

- बित्तीय समानीकरण अनुदानः खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा आयोगको सिफारिसमा संघ र प्रदेशबाट प्राप्त हुने
- सशर्त अनुदानः कुनै आयोजना कार्यान्वयन गर्न आयोगले तोकेको आधारमा संघ र प्रदेशबाट प्राप्त हुने

- समपूरक अनुदान : पूर्वाधार बिकास सम्बन्धी कुनै योजना कार्यान्वयन गर्न योजनाको कुल लागतको अनुपातका आधारमा संघ र प्रदेशबाट प्राप्त हुने
- बिशेष अनुदान : कुनै खास उदेश्य र योजनाको लागि संघ र प्रदेशबाट प्राप्त हुने

(घ) बैदेशिक सहायता तथा आन्तरिक ऋण

- नेपाल सरकारको पूर्वस्वीकृति लिएर मात्र बैदेशिक अनुदान वा सहयोग लिन वा बैदेशिक अनुदान वा सहयोगमा आयोजना वा कार्यक्रम कार्यान्वयन गर्न गराउन सक्ने
- नेपाल सरकारको सहमति लिएर मात्र वित्त आयोगले सिफारिस गरेको सिमा भित्र आन्तरिक ऋण लिन सक्ने
- नेपाल सरकारसँग मनासिब कार्यका लागि ऋण लिन सक्ने

उल्लिखित व्यवस्थाहरूले स्थानीय तहलाई प्राप्त हुन सक्ने आन्तरिक आयका स्रोतहरूलाई ब्याख्या गरेको छ । स्थानीय तहले कानून बमोजिम वाहेक आफ्नो अधिकार क्षेत्रमा कुनै कर लगाउन, उठाउन र ऋण लिन नपाउने व्यवस्था हुनुका साथै देहायमा उल्लिखित थप व्यवस्थाहरू रहेका छन् ।

- कर लगाउँदा राष्ट्रिय आर्थिक नीति, बस्तु तथा सेवाको ओसार पसार, पूँजी तथा श्रम बजार, छिमेकी प्रदेश तथा स्थानीय तहलाई प्रतिकुल असर नहुने गरी लगाउनु पर्ने (संवैधानिक ब्यवस्था)
- कुटनीतिक नियोग, कुटनितिज्ञ, बैदेशिक ऋण वा सहायतावाट संचालित परियोजनावाट हुने पैठारी, सामुहिक वा संयुक्त आवासको विक्रि नभएको स्टक, सामुहिक आवासको सार्वजनिक उपयोगको क्षेत्रमा कर नलाग्ने
- सेवा शुल्क असुली कार्य आफै वा व्यवस्थापन करार वा सार्वजनिक निजी साझेदारीवाट गर्न सकिने

३.२. आन्तरिक आय परिचालनको वर्तमान अवस्था

गाउँपालिकालाई प्राप्त कानुनी अधिकारको आधारमा सम्भाव्य आय शिर्षकहरूको परिचालन (संभाव्यता, संकलनको अवस्था तथा दरको निर्धारण) को अवस्था प्रस्तुत गरिएको छ ।

तालिका २: गाउपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था

क्र.सं.	आयका शिर्षक	संभावना	संकलन	दर निर्धारण
क.	**कर तर्फ**			
१	भूमि कर (मालपोत)	छ	भएको	भएको
२	सम्पत्ति कर	छ	नभएको	भएको
३	सवारी कर (टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सा)	छैन		
४	घर जग्गा बहाल कर	छ	भएको	भएको
५	व्यवसाय कर	छ	नभएको	भएको
६	जडिबुटी, कवाडी र जीवजन्तु कर	छ	नभएको	भएको
७	विज्ञापन कर	छ	नभएको	भएको
ख.	**गैरकर**			
१	स्लेट, ढुङ्गा, गिट्टी, वालुवा एवम् माटोजन्य वस्तुको विक्री	छ	नभएको	भएको (प्रदेश कानुन अनुशार दहत्तर बहत्तर शुल्कको रुपमा)
२	काठ, दाउरा, जाराजुरी, दहत्तर, बहत्तर बिक्री	छैन		

क्र.सं.	आयका शिर्षक	संभावना	संकलन	दर निर्धारण
३	वन पैदावर (सामुदायिक वनको) बिक्री	छ	नभएको	नभएको
४	वहाल विटौरी शुल्क	छ	नभएको	भएको
५	पार्किङ्ग शुल्क	छ	नभएको	भएको
६	फोहरमैला व्यवस्थापन शुल्क	छ	नभएको	नभएको
७	अस्पताल संचालन	छैन		
८	स्थानीय खानेपानी महसुल	छ	नभएको	नभएको
९	स्थानीय विद्युत महसुल	छ		
१०	केवलकार, टेकिङ्ग, कायाकिङ्ग, वन्जीजम्पङ, जिपफ्लायर, प्याराग्लाईडिङ्ग आदि मनोरञ्जन तथा साहसी खेलकुद सम्वन्धी सेवा तथा व्यवसायमा सेवा शुल्क	छैन		
११	निर्माण, संचालन र व्यवस्थापन गरेका स्थानीय पुर्वाधार तथा सेवामा सेवा शुल्क (खानेपानी, विजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, ढल निकास, सडक वत्ति, शौचालय, पार्क, पौडी पोखरी, ब्यायमशाला, पर्यटकिय स्थल, हाटवजार, पशु वधशाला, शवदाह गृह, धोविघाट, सडक, वसपार्क, पुल आदि	छ (शौचालय, सडकवत्ती, पर्यटकीय स्थल मात्र)	नभएको	भएको
१२	मूल्याङ्कन सेवा शुल्क	छ	भएको	भएको
१३	दर्ता, अनुमति तथा नवीकरण दस्तुर (एफएम रेडियो संचालन, घ वर्गको निर्माण इजाजतपत्र, विद्यालय स्थापना, स्थानीय स्तरका ब्यापारिक फर्म	छ	नभएको	नभएको
१४	ढुङ्गा, गिट्टी, वालुवा, नुन, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन तथा उपयोग शुल्क	छ	नभएको	नभएको
१५	नक्सापास दस्तुर	छ	नभएको	भएको
१६	व्यक्तिगत घटना दर्ता दस्तुर	छ	भएको	भएको
१७	विभिन्न सिफारिश तथा प्रमाणित दस्तुर	छ	भएको	भएको
१८	दण्ड जरिवाना	छ	भएको	भएको

उल्लिखित तालिकामा स्थानीय करतर्फ ७ शीर्षक र गैरकरतर्फ १८ शीर्षकमा आन्तरिक आयको विद्यमान अवस्था विश्लेषण गरिएको छ । उपरोक्त विवरण अनुसार स्थानीय तहको अधिकार क्षेत्रका ७ प्रकारका कर मध्ये उपलब्ध सूचना र छलफलको आधारमा ६ प्रकारका कर संकलनको संभावना रहेको र हाल २ प्रकारका (मालपोत र घरजग्गा वहाल) कर मात्र संकलन गरिएको देखिन्छ । गाउँपालिकामा हाल टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सा जस्ता साना सवारी सञ्चालन नभएको हुँदा यस्ता सवारी साधनहरुबाट तत्कालका लागि कर उठाउन सकिने सम्भावना देखिँदैन । गाउँपालिकाले ७ वटै करको दर निर्धारण गरेको भएता पनि चालु आ.व.को पौष मसान्तसम्म मालपोत र घरजग्गा वहाल कर बाहेकका ५ शिर्षकहरुबाट कर संकलन गरेको देखिदैन ।

गैरकर तर्फका राजश्वका १८ शीर्षकमध्ये १५ शीर्षकमा राजस्व संकलनको सम्भावना रहेको भए पनि हाल ४ किसिमका शीर्षकबाट मात्र राजस्व संकलन भइरहेको र ७ वटा शीर्षकमा दर निर्धारण भएको देखिन्छ । यस गाउँपालिकामा गैरकरतर्फ सार्वजनिक क्षेत्रको ढुंगा, गिट्टी, बालुवा, माटो विक्री र निकासी शुल्क तथा नीजि जग्गामा उपयोग शुल्क लिन सक्नेमा सो को दर निर्धारण तथा शुल्क समेत संकलन नभएको देखिन्छ । साथै गाउँपालिकाको बजार क्षेत्रमा बहाल बिटौरी शुल्कको पनि सम्भावना रहेको र दर निर्धारण पनि भएको छ तर

हालसम्म शुल्क उठ्न सकेको छैन । यसैगरी गैरकर अन्तर्गत पाकिङ शुल्क, स्थानीय पूर्वाधार र सेवा शुल्क, नक्शापास दस्तुरको दर निर्धारण गरिएको भएता यी शिर्षकबाट शुल्क तथा दस्तुर संकलन हुन सकेको छैन ।

यसका अलवा व्यवसाय दर्ता, अनुमती तथा नवीकरण दस्तुर, फोहोरमैला व्यवस्थापन, सडकबत्ती व्यवस्थापन, स्थानीय खानेपानी तथा विद्युत महशुलबाट आय संकलनको संभावना रहेको भएतापनि हालसम्म दर निर्धारण तथा आय संकलन भएको छैन । यस कार्ययोजनाको अवधिमा मनोरञ्जन तथा साहसी खेलकुद सम्वन्धी सेवा तथा व्यवसायमा सेवा शुल्क र अस्पताल सञ्चालन शुल्क भने उठ्न सक्ने सम्भावना देखिँदैन र बाँकी गैरकरहरु उठ्न सक्ने सम्भावना देखिन्छ जुन उपरोक्त तालिकामा प्रस्तुत गरिएको छ ।

३.३ आन्तरिक स्रोत तर्फका राजस्व संकलनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण

३.३.१ कर राजस्व

क. सम्पत्ति कर

विद्यमान अवस्था

संवैधानिक अधिकार, संघीय कानून तथा चालु आ.व.को संघीय आर्थिक ऐन तथा केही नेपाल संशोधन ऐनको व्यवस्था अनुसार गाउँपालिकाले घर र सो घरले चर्चेको जग्गा सम्पत्ती कर तथा अन्य जग्गामा मालपोत संकलन गर्न सक्ने व्यवस्था रहेको छ । यस व्यवस्था अनुसार गाउँपालिकाले चालु आ.व. २०७५/७६ को आर्थिक ऐनमा दुवै करको दर निर्धारण गरेको भएता पनि सम्पत्ती कर नयाँ भएको हुँदा हालसम्म सम्पत्ती कर संकलन गरेको छैन ।

संभाव्यता

यस गाउँपालिकामा सडक यातायात पूर्वाधारको विस्तार एवं भूकम्प पश्चातको पूनःनिर्माणसँगै घर र संरचना निर्माणमा बृद्धि भईरहेको र खेतीयोग्य जग्गाको मूल्यमा समेत क्रमिक बृद्धि भईरहेको सन्दर्भमा सम्पत्ती करको संभावना रहेको देखिन्छ । सम्पत्ती कर नयाँ अभ्यास भएको कारण यस आ.व.मा सम्पत्ती मूल्याङ्कन विधि तथा संकलन प्रक्रिया समेत सम्पत्ती कर व्यवस्थापन कार्यविधि तर्जुमा लगायत सफ्टवयर प्रणाली तयारी गरी आगामी आ.व. देखी सम्पत्ती कर संकलन गर्न उपयुक्त देखिन्छ । २०६८ सालको जनगणना अनुसार यस गाउँपालिकामा ४,४५१ घरपरिवार रहेको देखिन्छ । गाउँपालिकाका पदाधिकारी, कर्मचारी, सरोकारवाला र स्थानीय बासिन्दासँगको छलफलको आधारमा एक घरपरिवारमा औषतमा २ जना सम्पत्ती धनी हुन सक्ने अनुमानको आधारमा कूल सम्पत्ती धनी मध्ये दुई तिहाई अर्थात ५,९३४ करदातासँग घर रहेको अनुमान गर्न सकिन्छ । केही नेपाल संशोधन ऐनको व्यवस्था अनुसार घर र घरजग्गामा सम्पत्ती कर लगाउने सक्ने व्यवस्था अनुसार औसतमा प्रति रु. करदाता २५० रुपैयाका दरले सम्पत्ती कर संकलन गरेमा आगामी आ.व.मा **रु. १४ लाख ८३ हजार ७५०** संकलन हुने देखिन्छ ।

सुधारका विषयहरु

भूकम्प पश्चातको पुनःनिर्माण र यातायात पूर्वाधारको विकास र विस्तारसँगै व्यापार व्यवसाय र आर्थिक गतिविधिमा विस्तारको कारण गाउँपालिकामा सम्पत्ती कर असुलीको संभावना रहेको देखिन्छ । नयाँ अभ्यास भएको कारण चालु आ.व.मा सम्पत्ती कर संकलनको पूर्व तयारी गर्ने र व्यवस्थित रुपमा मालपोत संकलन गर्ने तथा आगामी आर्थिक वर्ष देखि सम्पत्ती कर संकलन गर्न उपयुक्त देखिन्छ । यसको कार्यान्वयनको लागि देहायअनुसारका पक्षहरुमा सुधार गर्नु पर्ने देखिन्छः

- सम्पत्ति कर कार्यान्वयनको लागि सम्पत्ती कर व्यवस्थापन कार्यविधि तयार गर्ने
- घर र सो सो घरले चर्चेको सम्पत्ति मूल्याङ्कनलाई मालपोत र अन्य पालिकासँग तुलना गरी यथार्थपरक बनाउने

- वडा कार्यालयबाट मालपोत संकलन गर्दा जग्गाको स्वामित्वकर्ता र जग्गाको विवरणसँग घर तथा संरचनाको विवरण समेत अद्यावधिक गर्ने
- सम्पत्ती कर तथा मालपोतबारे पदाधिकारी, कर्मचारी र करदातालाई स्पष्ट पार्न करदाता शिक्षा अभियान संचालन गर्ने
- सम्पत्ति कर योग्य सम्पत्ती, सो को मूल्याङ्कन सहित करदाता विवरण तयार गर्ने
- सम्पत्ती कर सम्बन्धी कम्प्युटर सफ्टवयर तयार वा खरिद गरी संचालन गर्ने
- मालपोतसँगै, सम्पत्ती कर, व्यवसाय कर, घरजग्गा वहाल करलाई आवद्ध गरी ४ वटै कर एकैचोटी संकलन गर्ने व्यवस्था गरी कार्यान्वयन गर्ने

ख. मालपोत (भूमि कर)

विद्यमान अवस्था

गाउँपालिकाले २०७३ साल फाल्गुणमा गाउँपालिका गठन भएदेखि नै कानून अनुसार मालपोत संकलन गर्दै आएको छ । चालु आर्थिक बर्ष २०७५/७६ को आर्थिक ऐनमा मालपोतको दर निर्धारण गरेको छ । जस अनुसार प्रति रोपनी खेत रु. १५ र बारी रु. १०. निर्धारण गरेको छ । गत आ.व. २०७४/७५ मा रु. ४ लाख ९० हजार संकलन भएको देखिन्छ । चालु आ.व २०७५/७६ को पौष मसान्तसम्म सवै वडाबाट यथार्थ विवरण प्राप्त हुन नसकेकोले रु. **२९४,०००** संकलन भएको अनुमान गरिएको छ ।

संभाव्यता

गाउँपालिकामा घर तथा संरचनाले ओगटेको क्षेत्र वाहेकका जग्गाधनीको संख्या र जग्गाको क्षेत्रफल उलेख्य रहेको हुँदा केही नेपाल ऐन संशोधनको व्यवस्था अनुसार सम्पत्ती कर नलागेको जग्गामा मालपोत संकलन गर्ने व्यवस्था रहेको छ । गाउँपालिकामा भएको छलफल अनुसार एक घरपरिवारमा २ जना सम्पत्ती धनी हुन सक्ने अनुमानको आधारमा एक तिहाई घरपरिवारसँग घरवाहेक जग्गा मात्र रहेको अनुमान गर्दा **२,९६७** करदातासँग मालपोत योग्य जग्गा रहेको अनुमान गरिएको छ । **प्रति जग्गा धनी रु. १५०** मालपोतको दर निर्धारण गर्दा आगामी आ.व.मा **रु. ४ लाख ४५ हजार** संकलन हुने अनुमान गरिएको छ ।

सुधारका पक्षहरु

केही नेपाल ऐनको व्यवस्था अनुसार घर र सो घरले चर्चेको जग्गा बाहेका अन्य जग्गाको मूल्यको आधारमा करको दरमा सपयसापेक्ष पुनरावलोकन गरी मालपोत प्रभावकारी रुपमा संकलन गर्न सकिने संभावना रहेको छ । मालपोत वा भूमिकर जग्गाको उपयोग, मुल्य र गाउँबासीको जीवनस्तरमा आधारित हुने हुँदा करको दर र करको प्रशासन खास गरी वडा कार्यालयको राजस्व असुलीमा विशेष ध्यान दिन आवश्यक देखिन्छ । यसलाई प्रभावकारी कार्यान्वयनका लागि देहायअनुसार विषयमा सुधार गर्नु पर्ने देखिन्छः

- गत आ.व.को दरलाई पुनरावलोकन गरी दरको सापेक्ष वृद्धि गर्ने
- मालपोत व्यवस्थापन तथा असुली कार्यविधि तर्जुमा गर्ने
- वडा कार्यालयबाट जग्गाको स्वामित्वकर्ता र जग्गाको विवरण अद्यावधिक गर्ने
- जग्गाको मुल्यको आधारमा सरोकारवाला पक्षसँग परामर्श गरी मालपोतको नयाँ दर कायम गर्ने
- जग्गाको अभिलेख तथा मालपोत संकलनमा कम्प्युटर सफ्टवयर प्रयोग गर्ने
- मालपोत संकलनलाई सम्पत्ती करसँग आवद्ध गरी एकै पटक संकलनको व्यवस्था गर्ने

ग. घरजग्गा वहाल कर

विद्यमान अवस्था

आ.व. २०७५/७६ को गाउँपालिकाको आर्थिक ऐनमा गाउँपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै वा आंसिक तबरले वहालमा लगाए वापत घरधनीबाट घरजग्गा वहाल कर लगाउने तथा असुल गर्ने व्यवस्था गरेको छ । गत आ.व.मा गाउँपालिकाले घरजग्गा वहाल कर वापत रु. १८,००० संकलन गरेको थियो भने चालु आ.व.को लागि रु. २५,००० अनुमान गरेकामा पौष मसान्त सम्म रु. अनुमानित रु. १६,००० संकलन भएको छ । गत आ.व.को संकलनको अवस्था हेर्दा प्रति करदाता बार्षिक घरजग्गा वहाल कर रु. १,००० रहेको देखिन्छ ।

संभावना

गाउँपालिकामा यातायात, विद्युत तथा अन्य पूर्वाधार र सेवा सुविधाको विकास र विस्तार तथा भूकम्प पश्चातको पुन:निर्माण पछि व्यापार व्यावसाय र सेवामा वढोत्तरी हुँदै गएको छ । समुन्द्रटार, राउतवेशी, गोल्फुभज्याङ्ग तथा सडक आसपास र पर्यटकीय स्थानमा घरजग्गा भाडामा लगाउन थालिएको छ । फलस्परुप गाउँपालिकामा घरजग्गा वहाल करको संभावना रहेको छ । राष्ट्रिय जनगणना २०६८ को तथ्याङ्क अनुसार यस गाउँपालिकामा ४,४५१ घरपरिवार रहेकोमा उपलब्ध सूचना तथा छलफलको आधारमा गाउँपालिका क्षेत्रमा करिव ४१५ वटा घर जग्गा र पसल पुरै वा आंसिक तबरले बहालमा लगाएको अनुमान गरिएको छ । घरजग्गा वहाल करको दरलाई ५ प्रतिशत कायम गरी उपलब्ध तथ्याङ्कका आधारमा विश्लेषण गर्दा देहायबमोजिम **४ लाख ९२ हजार** संकलनको सम्भावना देखिन्छ ।

तालिका ३: घरजग्गा वहाल करको सम्भाव्यता विश्लेषण विवरण

क्र. सं.	प्रयोजनका आधारमा बहालमा बस्ने	बहाल घर तथा कोठा संख्या	मासिक भाडा रकम	जम्मा भाडा असुली	घर बहाल कर
			(ख)	(ग)	(घ)
		(क)	अनुमानित	क x ख x१२	घ को ५%
१	बैंक तथा सहकारी	१५	६०००	१,०८०,०००	५४,०००
२	सरकारी निकाय र संघ/संस्था	१०	५०००	६००,०००	३०,०००
४	व्यापार व्यवसाय	१९०	२०००	२,८८०,०००	२२८,०००
५	नीजि बसोबास	२००	१५००	३,६००,०००	१८०,०००
जम्मा		**४१५**	**१४५००**	**८,१६०,०००**	**४९२,०००**

सुधारका पक्षहरू:

गाउँपालिकाले घरवहाल कर संकलन तथा व्यवस्थापन प्रक्रिया सुदृढ गर्न देहायअनुसारका कार्य गर्न आवश्यक देखिन्छ :

- वहालमा भएका घरजग्गाको लगत विवरण संकलन तथा अद्यावधिक गर्ने
- घरजग्गा वहाल कर संकलन कार्यविधि तर्जुमा गर्ने
- सम्पत्ती एवं व्यावसाय करसँग आवद्ध गरी घरजग्गा वहाल विवरण अद्यावधिक गरी संकलनको व्यवस्था गर्ने
- वहाल करको दर पुनरावलोकन गर्ने
- करदाता शिक्षामा गाउँपालिकाले लगाउने वहाल कर पनि समावेश गर्ने ।

घ. अन्य कर

घ.१ व्यवसाय कर

विद्यमान अवस्था

चालु आर्थिक वर्षको आर्थिक ऐनमा गाउँपालिकाले व्यावसायको किसिमको आधारमा गाउँपालिका क्षेत्र भित्रका व्यापार व्यवसायहरूलाई विभाजन गरी करको दर निर्धारण गरेको छ । करको दर न्यूनतम रु ५०० देखि अधिकतम रु २०,००० सम्म रहेको छ । गत आ.व.सम्म यस गाउँपालिकामा कुनै पनि व्यवसाय दर्ता नभएको र चालु आ.व.मा दर्ताको लागि व्यवसायीसँग छलफल तथा वहश भइरहेको र हालसम्म १८ वटा मात्र दर्ता भएका छन् । चालु आ.व. आय बजेटमा व्यवसाय करबाट मात्र रु. ९५,००० राजस्व संकलन हुने अनुमान गरिएको छ । यस चालु आ.व.को पौष मसान्तसम्म ५५ हजार संकलन भएको अनुमान गर्न सकिन्छ ।

संभावना

यस गाउँपालिका संघीय राजधानीसँग नजिक रहेको तथा जिल्ला सदरमुकाम विदुर लगायत नुवाकोट तथा छिमेकी जिल्ला अन्य बजार केन्दसँग अर्धपक्की सडक सञ्जालमा जोडिएको कारण गाउँपालिका क्षेत्र भित्रका समुन्द्रटार, रामती, राउतवेशी, गोल्फुभञ्ज्याङ, कुटुमसाङ आदि लगायत स्थानमा बजार विस्तार हुँदै गएको छ । तर यस गाउँपालिका क्षेत्र भित्र संचालिन व्यावसायको किसिम संख्यात्मक तथ्याङ्क उपलब्ध रहेको छैन । हालै केन्द्रीय तथ्याङ्क विभागले प्रकाशन गरेको राष्ट्रिय आर्थिक गणना, २०१८ को प्रारम्भिक नतिजाअनुसार यस गाउँपालिकामा ७६१ वटा व्यवसाय रहेका र २,०६९ जना व्यवसायमा संलग्न रहेको देखिन्छ । औषत रु. ६०० का दरले उपरोक्त संख्यामा करदातासँग व्यवसाय कर असुली गर्दा रु. **४५६,६००.००** संकलन हुने संभावना देखिन्छ ।

सुधारका पक्षहरू

व्यवसाय कर संकलनमा सुधार ल्याउनका लागि देहायका कार्यहरू गर्न आवश्यक देखिन्छ:

- गाउँपालिका भित्र संचालित व्यापार व्यवसायको विवरण संकलन गरी व्यवसाय करदाता अभिलेख तयार तयार गर्ने ।
- व्यापार व्यवसायमा भएको लगानी तथा कारोवारको आधारमा व्यावसायलाई ठूला, मझौला र साना (क, ख, ग) वर्गमा वर्गीकरण गरी व्यवसायी प्रतिनिधिसँगको परामर्शमा करको दरमा परिमार्जन गर्ने ।
- गाउँपालिका क्षेत्रमा व्यापार व्यवसाय संचालन गर्न सहयोग गरी व्यापार व्यवसायलाई गाउँपालिकामा दर्ता गरी इजाजताको व्यवस्था गर्ने ।
- व्यवसाय करलाई सम्पत्ती कर तथा घरवहाल करसँग आवद्ध गरी संकलनको व्यवस्था गर्ने
- व्यापार व्यावसाय दर्ता, अनुमती तथा नविकरण कार्यविधि तयार गरी अनुमती तथा दर्तालाई दस्तुर र नविकरणलाई व्यावसायको करको रुपमा संकलनको व्यवस्था गर्ने
- व्यवसाय करलाई प्रभावकारी बनाउन आन्तरिक राजस्व कार्यालय, घरेलु तथा साना उद्योग कार्यालय तथा उद्योग बाणिज्य संघसँग आवश्यक सहयोग र समन्वय गर्ने ।

घ.२ जडिवुटी, कवाडी, जीवजन्तु कर

विद्यमान अवस्था

गाउँपालिका क्षेत्रबाट लामटाङ्ग निकुञ्जको मध्यवर्ती क्षेत्र वाहेकको क्षेत्रमा मुख्य गरेर धसिंगरेको व्यवसायिक रुपमा प्रयोग भइरहेको अल्लो, साप्पाट, च्याउ र सल्लाको खोटो लगायतका जडिबुटीको व्यवसायिक प्रयोगको लागि संकलन भइरहेको देखिन्छ । यसैगरी केही मात्रामा, उन, खाली वोरा, शिशाको वोत्तल, कार्टुन जस्ता कवाडी सामानहरु संकलन र वेचविखन भएको देखिन्छ । तर अन्य मरेका जीवजन्तुको संकलन तथा विक्री भएको देखिदैन । आर्थिक ऐनमा करको दर निर्धारण गरेको तर यस शिर्षकमा आय अनुमान गरी आय संकलन गरेको

देखिदैन । गाउँपालिकाले धसिंगरे, अल्लो, साप्पाट, च्याउ र सल्लाको खाटो आदी जडिबुटीको संकलन र विक्री जस्ता व्यवसायिक उपयोग वापत कर संकलन गर्न उपयुक्त देखिन्छ ।

संभावना

गाउँपालिका क्षेत्रवाट १२,००० के.जि. जती मुख्य रुपमा धसिंगरे लगायत अल्लो, च्याउ, सल्लाको खोटो लगायत जडिबुटीको संकलन तथा व्यवसायिक काराबार हुने अनुमान गरिएको छ । गाउँपालिकाले यस्ता जडिबुटीको औषत प्रति के.जि रु. ५ करको निर्धारण गरेमा वार्षिक **रु. ६०,०००** संकलन हुन सक्ने संभावना देखिन्छ । तर मरेका जीवजन्तु तथा कवाडी वस्तु विक्री बारे कुनै जानकारी नभएकोले सो को संभावना गणना गरिएको छैन ।

सुधारका पक्षहरू

कवाडी, जडिवुटी र जीवजन्तु कर संकलनमा सुधार ल्याउनका लागि देहाय अनुसारका कार्यहरू गर्न आवश्यक देखिन्छ ।

- कवाडी, जडिवुटी र जीवजन्तु करको विस्तृत सम्भाव्यता अध्ययन गर्ने
- अध्ययनको आधारमा जडिबुटी तथा कवाडी वस्तुको व्यवसायिक कारोवार सम्बन्धी करको दर गर्ने ।
- व्यवसायिक कारोबार गर्ने व्यवसायीसँग परामर्श र छलफल गर्ने
- जडीबुटी तथा कवाडी वस्तुको ब्यावसायिक रुपमा कारोवार गर्नेलाई इजाजत प्रदान गरी कारोवारको आधारमा कर संकलन गर्ने ।
- जडिबुटीको कारोबार र दरको विषयमा डिभिजन वन कार्यालयसँग समन्वय गर्ने
- करको दर, इजाजत एवं संकलन प्रक्रियाका विषयमा छिमेकी स्थानीय सरकारहरुसँग समन्वय गरी करको दर संकलन प्रक्रियामा एकरुपता ल्याउने

घ.३ साना सवारी कर

विद्यमान अवस्था

संघीय कानूनले गाउँपालिकालाई टाँगा, रिक्सा, अटो रिक्सा, ईरिक्सा जस्ता सवारीको दर्ता र नवीकरण कर संकलन गर्ने अधिकार प्रदान गरेको छ । यस गाउँपालिकामा यसको संभावना नभएको कारण करको दर निर्धारण गरेको छैन ।

संभावना

यस गाउँपालिका धेरै सडक कच्ची रहेको र साना सवारी साधनहरु केही बर्ष भित्र चल्ने संभावना नभएको हुँदा साना सवारी करको संभावना रहेको देखिदैन । प्रदेश र स्थानीय तहको साझा अधिकार सूचीमा रहेको सवारी कर सम्बन्धमा संघीय कानून अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ ले सवारी करको दर निर्धारण र संकलन प्रदेश सरकारले गर्ने र सो वापत ४० प्रतिशत रकम स्थानीय तहलाई उपलब्ध गराउने व्यवस्था गरेको हुँदा सरकारी स्वामित्व वाहेकका नीजि र व्यवसायिक प्रयोजनका सवारी साधन गाउँपालिकामा दर्ता भएका र संचालन हुने सवारी साधनलाई कर लगाउने व्यवस्था खारेज गर्नु पर्ने हुन्छ ।

ङ. विज्ञापन कर

विद्यमान अवस्था

गाउँपालिका क्षेत्र भित्रका सडक, चोक, सार्वजनिक स्थलमा विज्ञापन, प्रचारप्रसार गर्न राख्ने साइन बोर्ड, ग्लो बोर्ड स्टल आदिमा विज्ञापन कर लगाउन सक्नेछ । साझा अधिकार सूचीमा रहेको विज्ञापन कर संघीय कानुन अन्तर सरकार वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार यो प्रदेश सरकारसँग बाँडफाँड हुने कर हो । यस ऐनको व्यवस्था अनुसार विज्ञापन करको दर निर्धारण तथा संकलन नगरपालिका वा गाउँपालिकाले गर्ने र संकलित रकम मध्ये ४० प्रतिशत रकम प्रदेश सरकारको संचित कोषमा जम्मा गर्नु पर्नेछ । गाउँपालिकाले नै विज्ञापन करको दर निर्धारण तथा संकलन गर्ने हुँदा यस अध्ययन तथा विश्लेषणमा विज्ञापन करको सम्भावना विश्लेषण गरिएको छ ।

चालु आ.व.को आर्थिक ऐनमा गाउँपालिका क्षेत्र भित्र विज्ञापनका होर्डिङवोर्ड, साइनवोर्ड, ग्लोवोर्ड, तुल तथा फ्लेक्स प्रिण्ट आदी राखेमा वा राख्न लगाएमा सम्बन्धित व्यवसायीसँग विज्ञापन कर संकलन व्यवस्था गरेको छ । गाउँपालिकाले विज्ञापन करको दर निर्धारण गरेता पनि चालु आ.व. विज्ञापन करको अनुमान नगरेको र सो अनुसार हालसम्म कर पनि गरेको छैन ।

संभावना

यस गाउँपालिका क्षेत्रमा सडक, बजार तथा व्यापार व्यवसायको विस्तार हुँदै गइरहेको र नेपालको एक प्रमुख पर्यटकीय गन्तव्य लाङटाङ जाने रुटमा रहेको, जलविद्युत उत्पादन कम्पनीहरु संचालनमा रहेको र शिवपुरी राष्ट्रिय निकुञ्जसँग समेत जोडिएको हुँदा विज्ञापन करको संभावना रहेको छ । विज्ञापन करको संभावनालाई देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ४: विज्ञापन करको संभाव्यता विश्लेषण विवरण

होर्डिङ वोर्ड वा विज्ञापनको किसिम	अनुमानित संख्या	करको दर	संभाव्यता रकम (रु.)
ठूला	१५	२०००	३०,०००
मझौला	३०	१५००	४५,०००
साना	५०	५००	२५,०००
अन्य प्रकारका विज्ञापन	१००	२००	२०,०००
जम्मा	**१९५**		**१२०,०००**

सुधारका पक्षहरू

विज्ञापन कर संकलनमा सुदृढ गर्न देहायअनुसारका कार्य गर्नु पर्ने देखिन्छ:

- गाउँपालिका क्षेत्रका व्यवसायी र विज्ञापन एजेन्सी र एजेण्टसँग वैठक तथा परामर्श गर्ने ।
- विज्ञापनका संभाव्य स्थल तथा विज्ञापन सामग्रीका बारेमा तथ्याङ्क तथा विवरण संकलन गर्ने
- व्यवसायीसँगको परामर्श अनुसार विज्ञापन करको दर परिमार्जन गर्ने ।
- विज्ञापन करको न्यूनतम रकम यकिन गरी ठेक्का अंक निर्धारण तथा ठेक्का बन्दोबस्त गर्ने

३.३.२ गैरकर राजस्व

क. अन्य बिक्रीबाट प्राप्त रकम (ढुङ्गा, गिट्टी तथा वालुवा तथा माटोजन्य वस्तुको बिक्री)

विद्यमान अवस्था

यस गाउँपालिकामा तादी, चन्द्रमती, सूर्यमती, गोल्फुखोला जस्ता नदी खोलावाट ढुङ्गा, गिट्टी तथा वालुवा उत्पादन भई गाउँपालिका क्षेत्र भित्र उपयोग तथा निकासी समेत हुने गरेको छ । गाउँपालिकाले उपरोक्त खोला वगर तथा आसपासको क्षेत्रबाट ढुङ्गा, गिट्टी तथा वालुवा संकलन तथा विक्रीको संभाव्यताको लागि प्रारम्भिक वातावरणीय परीक्षण (IEE) सम्पन्न तथा प्रतिवेदन तयार गरी जिल्ला समन्वय समितिबाट स्वीकृति गराई सकेको छ । छिमेकी तादी गाउँपालिककाले तादी खोला लगायतका खोलानालाबाट ऐनमा ढुङ्गा, गिट्टी र वालुवाको विक्री र निकासी शुल्कबाट उल्लेख्य आय संकलन गरीरहेको छ । यस गाउँपालिकामा पनि यसको प्रशस्त संभावना देखिन्छ तर गाउँपालिकाले चालु आ.व.को आर्थिक ऐनमा ढुङ्ग, गिट्टी र वालुवाको विक्री र निकासी शुल्कको दर निर्धारण गरी आय अनुमान गरेको छैन ।

संभावना

तादीखोला, चन्द्रमती, सूर्यमती, गोल्फुखोला आदी खोलानालाको वगर तथा आसपासको क्षेत्रको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) अध्ययन तथा प्रतिवेदन सिफारिश अनुसार झगडे वगर, राउतवेशी वगर र समुन्द्रटार वगर आदि स्थानहरुबाट ९३,९०३ घन फिट ढुङ्गा, गिट्टी तथा वालुवा उत्खनन् गरी बिक्री तथा निकासी गर्न

सकिने देखिएको छ । संभाव्यता विश्लेषणमा आन्तरिक विक्रीको दररेट रु. ६ प्रति घन फिटको कायम गर्दा ढुङ्गा, गिट्टी तथा वालुवाको उत्खनन तथा विक्रीको संभाव्यता देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ५: प्राकृतिक एव खानीजन्य वस्तुको बिक्री संभाव्यता विश्लेषण विवरण

उत्खनन क्षेत्र/स्थान	उत्खनन योग्य परिमाण (घ.फि.)	विक्री दर (रु/घ.फि.)	संभाव्यता (रु.)
झगडे वगर, वडा नं. ४	१५,२५६	६	९१,५३६
राउतवेशी वगर, वडा नं. ३	६१,२३६	६	३६७,४१६
समुन्द्रटार वगर, वडा नं. ५	४५,६६२	६	२७३,९७२
गौचर वगर, वडा नं. ६	२२,३१९	६	१३३,९१४
चन्द्रमती दोभान, वडा नं. ४	२५,९२१	६	१५५,५२७
भाङले वगर, वडा नं. ५	४५,६६२	६	२७३,९७४
जम्मा	**२१६,०५६**	**६**	**१,२९६,३३९**

सुधारका पक्षहरू

ढुङ्गा, गिट्टी तथा वालुवा विक्री तथा निकासीको प्रभावकारी व्यवस्थापन र राजस्व संकलनमा सुधार गर्न देहायअनुसार पक्षहरुमा सुधार गर्नु पर्ने देखिन्छ:

- प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनले सिफारिश गरेका मापदण्डभित्र रहेर उत्खनन्को सुनिश्चित गर्ने
- खानीजन्य वस्तुको विक्री दर आर्थिक ऐनमा उल्लेख गर्ने
- ठेक्का मार्फत संकलनको लागि ठेक्काको सूचना जारी गरी ठेक्काको व्यवस्था गर्ने
- संकलन कार्यको नियमित रुपमा आवश्यक अनुगमन तथा मूल्यांकन गर्ने
- घाटगद्धी गरेर मात्र ढुङ्गा, गिट्टी तथा वालुवा विक्री र निकासी गर्ने व्यवस्था मिलाउने र सो को अनुगमन गर्ने
- आर्थिक ऐनको नियम विपरित विक्रि र निकासी गरेको अवस्थामा दण्ड जरिवानाको व्यवस्था गर्ने
- ढुङ्गा, गिट्टी तथा वालुवा संकलन तथा प्रारम्भिक वातावरणीय परीक्षण (IEE) को निष्कर्ष बारे स्थानीय समुदायलाई जानकारी गराउने ।

ख. वन पैदावर विक्रीबाट प्राप्त शुल्क

विद्यमान अवस्था

केही नेपाल सशोधन ऐन २०७५ ले सामुदायिक वनको वन पैदावर विक्रीबाट वन उपभोक्ता समितिले आर्जन गरेको रकममा १० प्रतिशत स्थानीय तहको अधिकार सिर्जना हुने व्यवस्था गरेको छ । भरखरको व्यवस्था भएको हुँदा गाउँपालिकाले चालु आ.व.मा विक्रीको दर निर्धारण गरी रकम संकलन गरेको छैन ।

संभावना

गाउँपालिकाको वस्तुगत विवरण अनुसार यस गाउँपालिकामा हाल २२ वटा सामुदायिक वन उपभोक्ता समूहहरु क्रियाशिल रहेको देखिन्छ । गाउँपालिकामा भएको छलफलको आधारमा एक सामुदायिक वन समूहले वन पैदावर विक्रीबाट बार्षिक औषत रु. ५० हजार आम्दानी गर्ने अनुमानको आधारमा २२ वटा सामुदायिक वन उपभोक्ता समूहबाट आर्जन गर्ने कूल रकमको १० प्रतिशतले आगामी आ.व.मा **रु. १ लाख १० हजार** संकलन हुने अनुमान गरिएको छ ।

सुधारका पक्षहरू

स्थानीय तहको आन्तरिक आयमा सामुदायिक वनको पैदावर विक्रीबाट प्राप्त हुने आम्दानीमा १० प्रतिशत आयमा स्थानीय सरकारको अधिकार सिर्जना हुने व्यवस्था नयाँ भएको तर यस गाउँपलिकामा सामुदायिक वनको संख्या उल्लेख्य रहेको हुँदा यसबाट आम्दानी गर्न देहायअनुसार व्यवस्था गर्नु उपयुक्त हुनेछ:

- स्थानीय तहमा सामुदायिक वनको वन पैदावर विक्री र उपयोग सम्बन्धी कार्ययोजना तर्जुमा र स्वीकृत सम्बन्धी कार्यविधि तयार गर्ने ।

- वन पैदावर विक्रि र उपयोग सम्बन्धी कार्ययोजना स्वीकृती बारे सामुदायिक वन समूहलाई जानकारी गराउने तथा अन्तरक्रिया गर्ने
- डिभिजन वन कार्यालयसँग रायपरामर्श गरी विक्रीको दर निर्धारणको व्यवस्था गर्ने

ग. बहाल बिटौरी शुल्क

विद्यमान अवस्था

गाउँपालिकाले आफुले रेखदेख वा सञ्चालन गरेको हाटवजार र सरकारी जग्गा वा सो जग्गामा वनेका संरचनाको उपयोग गरेवापत वहाल विटौरी शुल्क लगाउन पाउने कानुनी व्यवस्था छ । सो अनुसार गाउँपालिकाको चालु आ.व. को आर्थिक ऐनमा गाउँपालिका वा सरकारी निकायको स्वामित्वमा रहेको सार्वजनिक जग्गा, सडक, चौरमा रहका हाटबजार, कठघरा, ऐलानी जग्गामा अस्थायी पसल राखे वापत वहाल विटौरी शुल्क संलकन गर्ने व्यवस्था गरी शुल्कको दर निर्धारण गरेको देखिन्छ । तर सो अनुसार रकम अनुमान र संकलन पनि नगरेको देखिन्छ । उपलब्ध सूचना र छलफलबाट दुप्चेश्वर मेलाको समयमा व्यापार व्यवसाय संचालन गर्ने व्यवसायीहरुबाट मन्दिर व्यवस्थापन समितिले शुल्क लिने र मन्दिर विकासमा खर्च गर्ने गरेको बुझिएको छ । जुन गाउँपालिकाको कोषमा जम्मा गरी र कोषबाट खर्च गर्ने गरिएको छैन ।

संभावना

गाउँपालिका क्षेत्र भित्र रामती, दुप्चेश्वर मन्दिर आसपासको क्षेत्र, समुन्द्रटार बजार, राउतवेशी बजार, गोल्फुभञ्ज्याङ आदी स्थानहरुमा सरकारी जग्गामा स्थायी तथा अस्थायी संरचना निर्माण गरी व्यापार व्यावसाय संचालन गरेको देखिन्छ । उक्त स्थानहरुमा अस्थायी संरचना निर्माण गरी करिव ३०५ वटा पसल तथा व्यावसाय संचालन भएको अनुमान गरिएको छ । यस प्रकार सरकारी जग्गामा संरचना निर्माण गरी व्यापार तथा व्यावसाय संचालन गरे वापत देहायअनुसार **रु. ४ लाख २ हजार ५ सय** विटौरी शुल्क संकलनको संभावना रहेको छ ।

तालिका ६: बहाल विटौरी शुल्क संकलन संभानवा विश्लेष विवरण

क्र.सं.	स्थान	अनुमानित संख्या	बार्षिक शुल्कको दर	बार्षिक संभाव्यता रकम (रु.)
१	रामती क्षेत्र वडा नं. ६	१५०	१५००	२२५,०००
२	समुन्द्रटार क्षेत्र, वडा नं. ६	६०	१५००	९०,०००
३	राउतवेशी क्षेत्र, वडा नं. ७	५०	१०००	५०,०००
४	गोल्फुभञ्ज्याङ, वडा नं. ४	३०	१०००	३०,०००
५	ध्याङफेदी, वडा नं. १	१५	५००	७,५००
	hDdf	**305**		**402,500**

सुधारका पक्षहरू

वहाल विटौरी शुल्कमा सुधार ल्याउनको लागि देहायअनुसारका कार्य गर्नु पर्ने देखिन्छ:

- गाउँपालिका भित्र प्रमुख बजार र वस्तीमा सरकारी जग्गामा बनेका स्थायी तथा अस्थायी घर, टहरा, पसल कबल तथा संरचनाको विवरण संकलन तथा अद्यावधिक गर्ने ।
- सम्बन्धित पक्षसँग परामर्श गरी वहाल विटौरी शुल्कको दर परिमार्जन गर्ने
- सरकारी तथा ऐलानी जग्गाको विवरण तयार गरी उपयोगकर्ताको पहिचान गर्ने
- आर्थिक ऐनमा उल्लेख भएअनुसार बहाल बिटौरी शुल्क संकलन गर्ने
- असुल भएको बहाल बिटौरी बापतको रकम छुट्टिने गरी आम्दानी बाँध्ने
- हालसम्म दर्ता कायम नभएका ऐलानी जग्गाको अभिलेख राखी वहाल विटौरी शुल्क लिन सक्ने संभावना अध्ययन गर्ने

घ. पार्किङ्ग शुल्क

विद्यमान अवस्था

स्थानीय सरकार संचालन ऐनले स्थानीय तहले आफ्नो क्षेत्रभित्र कुनै सवारीलाई पार्किङ्ग सेवा उपलब्ध गराए बापत शुल्क संकलन गर्न सक्ने व्यवस्था गरेको छ । गाउँपालिकाले चालु आ.व.को आर्थिक ऐनमा सार्वजनिक चौर, बजारको सार्वजनिक खाली क्षेत्र, अन्य सार्वजनिक स्थलमा सवारी साधन पार्किङ्ग वापत शुल्क लिने व्यवस्था सहित शुल्कको दर निर्धारण गरेको छ । तर गाउँपालिकाले पार्किङ्ग स्थलको व्यवस्था गरी सेवा भने उपलब्ध गराएको छैन । चालु आ.व.को पार्किङ्ग शुल्कको रकम अनुमान गरेको तथा रकम पनि संकलन गरेको छैन ।

संभाव्यता

यस गाउँपालिकामा संघीय राजधानी काठमाडौ र जिल्ला सदरमुकाम विदुरबाट नियमित रुपमा सार्वजनिक र भाडाका सवारी साधन चल्ने गरेका छन् । गाउँपालिका केन्द्रसम्म र गाउँपालिका भित्र सडक विस्तार भैरहेको र सडकको स्तरमा क्रमिक बृद्धीसँगै सवारी साधनको आगमनमा पनि बृद्धी हुँदै गएको छ । सवारी साधन चल्ने समुन्द्रटार, रामती, राउतवेशी र गोल्फुभञ्ज्याङ क्षेत्रमा सवारी साधनको पार्किङ्गको स्थलको व्यवस्था र सुविधा छैन । उक्त स्थानहरुमा गाउँपालिकाले क्रमशः पार्किङ्ग स्थल निर्माण गर्ने योजना प्रस्ताव गरेको छ । प्रति सवारी रु. २० का दरले पाकिङ्ग शुल्क संकलन गर्दा बार्षिक **रु. ३२४,०००** शुल्क संकलन हुने संभावना देखिन्छ ।

सुधार गर्ने पक्षहरुः

पाकिङ्ग शुल्क संचालन सम्बन्धी कार्यलाई व्यवस्थित बनाउन देहायअनुसारका कुराहरुमा सुधार गर्नु पर्नेछः

- गाउँपालिका भित्रको सडकको स्तर बृद्धी गरी यातायात संचालनलाई नियमित र सहज बनाउने ।
- यातायात संचालन हुने प्रमुख स्थानहरुका पार्किङ्ग स्थल निर्माण गरी पाकिङ्ग सेवा उपलब्ध गराउने ।
- आर्थिक ऐनमा सवारी साधनको किसिम अनुसार संकलन प्रक्रिया समेत पार्किङ्ग शुल्कको दर परिमार्जन गर्ने ।
- पार्किङ्ग स्थल, सेवा र शुल्कको बारेमा यातायात व्यवसायीसँग अन्तरक्रिया गर्ने तथा जानकारी गराउने ।
- शुल्क संकलनको अभिलेख व्यवस्थित गर्ने र सो बारे वेवसाइट लगायत संचार माध्यमबाट सार्वजनिक गर्ने ।

ङ. दर्ता तथा अनुमति दस्तुर

विद्यमान अवस्था

गाउँपालिकाले एफएम रेडियो संचालन, 'घ' वर्गको निर्माण इजाजत पत्र, विद्यालय स्थापना, स्थानीयस्तरका लघु, घरेलु, साना उद्योग तथा व्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम, ट्युसन, कोचिङ, औषधि पसल, प्लटिङ्ग, ढुङ्गा, गिट्टी, वालुवा, नुन, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन् तथा उपयोग आदि कार्य गर्नको लागि अनुमति दिन र सो बापत दस्तुर संकलन गर्न सक्ने कानूनी व्यवस्था रहेको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ को यो व्यवस्था नयाँ भएको कारण गाउँपालिकाले यसबाट राजस्व संकलनको दर निर्धारण गरेको र चालु आ.व.को लागि आयको अनुमान पनि गरेको छैन ।

सम्भावना

गाउँपालिका क्षेत्रमा स्थानीय स्तरका व्यापारिक फर्म, 'घ' वर्गको निर्माण इजाजत, सहकारी, विद्यालय आदि संचालनको लागि अनुमति तथा इजाजत दिन सक्ने व्यवस्था रहेको छ । गाउँपालिकामा बार्षिक रुपमा करिब **६३ वटा** स्थानीय व्यवसायीक फर्म, फार्मेसी, निजी विद्यालय, तालिम प्रदायक, निर्माण व्यवसाय आदिको अनुमति (लाइसेन्स) प्रदान, दर्ता तथा नवीकरण हुने अनुमान गरिएको छ । अनुमती तथा सो को नविकरण गर्दा औसत रु. १५०० दस्तुर लिएमा पनि बार्षिक रुपमा **रु. ९४,५००** राजस्व प्राप्त हुने सम्भावना देखिन्छ ।

सुधारका पक्षहरू

दर्ता अनुमती तथा नविकरण दस्तुर संकलनमा सुधार ल्याउन देहायका कार्य संचालन गर्नु पर्ने देखिन्छः

- अनुमती तथा दर्ताको लागी छुट्टै कार्यविधि तर्जुमा गर्ने ।
- आर्थिक ऐनमा अनुमति तथा दर्ताको दस्तुरको दर निर्धारण गर्ने ।
- नयाँ व्यवसाय वा कारोवार संचालन गर्नु पूर्व अनुमति तथा नविकरणको अनिवार्य व्यवस्था गर्ने ।
- अनुमति नलिई संचालनमा रहेका व्यवसायलाई नियमित गर्न दण्ड जरिवानाको व्यवस्था गर्ने ।

च. नक्सा पास दस्तुर

विद्यमान अवस्था

नगरपालिका तथा गाउँपालिका क्षेत्रमा नीजि आवास तथा व्यवसायिक प्रयोजनको लागि घर तथा भवन निर्माण गर्दा तथा भवनको स्वरुप परिमार्जन गर्दा स्थानीय कानून अनुसार नगरपालिका तथा गाउँपालिकाले नक्शापास दस्तुर लिन सक्नेछ । सो व्यवस्था अनुसार गाउँपालिकाले आ.व. २०७५/७६ को आर्थिक ऐनमा नक्सापास दस्तुर संकलनको व्यवस्था समेत दर निर्धारण गरेको छ । तर चालु आ.व.को नक्शापास दस्तुर संकलन अनुमान गरेको तथा हालसम्म दस्तुर संकलन गरेको देखिदैन ।

संभावना

यातायात तथा संचारको पूर्वाधारको विस्तार एवं भूकम्प पश्चातको पुनःनिर्माणसँगै गाउँपालिका भित्रका मुख्य स्थानहरुमा विशेष गरी नीजि घर/भवन तथा व्यावसायिक संरचना निर्माणको अभियान चलेको छ । गाउँपालिका क्षेत्रभित्र घर निर्माणको क्रम विश्लेषण गर्दा बार्षिक रुपमा ५० वटा पक्की तथा अर्धपक्की घर निर्माण, नामसारी तथा खरिद विक्री हुने र १५ वटा निर्माण भइसकेका घरको अभिलेख हुने अनुमान गरिएको छ । उक्त संख्यामा घर तथा व्यावसायिक भवनहरु बार्षिक रुपमा नक्शापास तथा अभिलेखको दायरा आउने सक्ने अनुमान गरिएको छ । नक्शापास दस्तुरको संभाव्यता विवरण देहायअनुसार **रु. १ लाख ५७ हजार ५ सय** रहेको छः

तालिका ७: नक्शापास दस्तुरको संभावना विश्लेषण विवरण

घरको प्रकार	बार्षिक घर संख्या	नक्शापास दस्तुर (प्रति व.फि.)	संभाव्यता (रु.)
पक्की र अर्धपक्की नयाँ भवन	५०	३०००	१५०,०००.००
पुरानो घर/भवनको अभिलेख	१५	५००	७,५००.००
जम्मा	**६५**		**१५७,५००.००**

सुधारका पक्षहरू

घर नक्सापास प्रक्रिया गाउँपालिकाको राजस्व संकलन हुने मात्र नभई राष्ट्रिय भवन संहिता तथा मापदण्डमा आधारित भवन नियमावली तर्जुमा गरी भवन निर्माण कार्यलाई नियमन गर्ने प्रक्रिया समेत भएकोले यसलाई प्रभावकारी वनाउन देहायअनुसार कार्य गर्न जरुरी देखिन्छः

- गाउँपालिका गठन पूर्व वनेका घरहरूको अभिलेखीकरणको लागि दस्तुर आर्थिक ऐनमा समावेश गर्ने ।
- नक्सापासको लागि मापदण्ड तथा कार्यविधिहरू अनुसार भवन निर्माण भए नभएको निरन्तर अनुगमन गर्ने ।
- घरको तला, बनौट तथा किसिमका आधारमा दस्तुरका दरमा समयानुकुल परिमार्जन गर्दै जाने ।
- घरको नक्शापास प्रक्रियालाई सम्पत्ती कर तथा घरजग्गा वहाल करसँग आवद्ध गरी नियमन गर्ने ।

छ. सिफारिश तथा प्रमाणित दस्तुर

विद्यमान अवस्था

गाउँपालिकाले वडा मार्फत गरिने लगायतका विभिन्न किसिमका सिफारिश प्रमाणित दस्तुरको दर आर्थिक ऐन मार्फत निर्धारण गरी कार्यपालिकाको कार्यालय तथा वडावाट संकलन गरी आएको छ । आर्थिक ऐनले सिफारिश तथा प्रमाणितको दर न्यूनतम रु. १०० देखि ५०० सम्म निर्धारण गरेको छ र यसवाट गत आर्थिक वर्षमा रु. ३ लाख ९६ हजार असुली भएको छ । यस शिर्षकमा चालु आर्थिक वर्षका लागि रु. ६ लाख ८० हजार अनुमान गरेकोमा हालसम्म वडाबाट यथार्थ विवरण प्राप्त नभएको हुँदा रु. ४ लाख ८ हजार संकलन भएको अनुमान

गरिएको छ । उक्त दस्तुर रकम गाउँ कार्यपालिका तथा वडा कार्यालयहरूबाट संकलन गरिदै आएको छ । सिफारिश तथा प्रमाणित दस्तुरलाई नेपाल सरकारले स्वीकृत गरेको आर्थिक संकेत र वर्गीकरण अनुसार नगरी एकै शिर्षकमा संकलन गरी अभिलेख राखेको देखिन्छ ।

सम्भावना

गाउँपालिकाले कार्यपालिका कार्यालय तथा वडा कार्यालयहरूबाट सेवाग्राहीका विभिन्न किसिमका शिफारिश तथा कागजातहरुको प्रमाणीत गर्नु पर्ने आवश्यकता रहेको छ । शिफारिस तथा प्रमाणीतसँग सम्बन्धित नेपाल सरकारले गरेको वर्गीकरणको शिर्षक अनुसार गाउँपालिकामा दैनिक रुपमा के कती शिफारिश हुन्छन् सो को विवरण उपलब्ध नभएको हुँदा विगतको विवरणको आधारमा आगामी आ.व.को लागि सिफारिश संख्या अनुमान गरिएको छ । कार्यशाला तथा पदाधिकारी र कर्मचारीसँगको छलफलको आधारमा शिफारिश तथा प्रमाणीत सम्बन्धी दस्तुरको संभाव्यता देहायअनुसार रहेको छः

तालिका ८: शिफारिश दस्तुर संकलनको संभावना विवरण

प्रमाणित तथा दस्तुरका प्रकारहरु	अनुमानित संख्या (वार्षिक)	औसत दर (रु.)	संभाव्य रकम (रु.)
सिफारिश दस्तुर	३०००	२५०	७५०,०००
व्यक्तिगत घटना दर्ता दस्तुर	२२२	५०	११,१००
नाता प्रमाणित दस्तुर	१५००	२००	३००,०००
अन्य दस्तुर	२४००	१००	२४०,०००
न्यायिक दण्ड जरिवाना र जफत	६०	२००	१२,०००
जम्मा	**७१८२**		**१,३१३,१००**

सुधारका पक्षहरू

गाउँपालिकाबाट गरिने विभिन्न सिफारिश तथा प्रमाणित दस्तुहरु संकलनलाई प्रभावकारी बनाउन देहायअनुसार कुरा सुधार गर्नु पर्ने देखिन्छः

- नेपाल सरकारबाट स्वीकृत आर्थिक संकेत र वर्गीकरण अनुसार विभिन्न किसिमका सिफारिश तथा दस्तुरहरूको वर्गीकरण गरी सेवाग्राही प्रतिनिधिसँग परामर्श गरी दस्तुरका दर परिमार्जन गर्ने ।
- स्वीकृत वर्गीकरणको शिर्षक अनुसार दस्तुर संकलन गरी शिर्षकगत सिफारिश संख्या र संकलित रकमको अभिलेख राख्ने
- सम्बन्धित अधिकारीले सिफारिश वा प्रमाणित गर्नु पुर्व दस्तुर तिरे नतिरेको एकीन गर्ने ।
- दस्तुर नबुझाएसम्म सम्वन्धित अधिकारीले सिफारिश वा प्रमाणित नगर्ने ।
- वडावाट संकलित दस्तुरहरूको शिर्षक सहितको अभिलेख राखी विवरण तयार गर्ने ।
- वडा कार्यालयबाट संकलित रकम साप्ताहिक रुपमा बैक दाखिला गरी विवरण गाउँ कार्यपालिका कार्यालयमा पेश गर्ने
- संकलित दस्तुरको शिर्षकगत रकम वेवसाइट तथा संचार माध्यमबाट गाउँपालिकाबासी र सरोकारवालालाई जानकारी प्रदान गर्ने

छ. अन्य सेवा शुल्क (पर्यटन शुल्क)

विद्यमान अवस्था

यस गाउँपालिकामा रमणीय पर्यटकिय तथा धार्मिक दृष्टिकोणले महत्वपुर्ण स्थानहरू रहेका छन् । दुप्चेश्वर मन्दिर, लाङटाङ क्षेत्र, गोल्फुभञ्ज्याङ, घ्याङफेदी, कँडेनी यहाँका प्रमुख पर्यटकिय आकर्षणका क्षेत्रहरू हुन् । खासगरी ल्होसार (तामाङ, सोनाम, मकर), माघे संक्रान्ति, मंसिर पूर्णीमा, बैशाख पूर्णीमा र ठूला एकादशी जस्ता विषेश दिन तथा पर्वहरूमा यस क्षेत्रमा दर्शनार्थी तथा पर्यटक उल्लेख्य उपस्थिति हुने गर्दछ ।

गाउँपालिकाले आफुले विकसित गरेका पर्यटकीय क्षेत्रमा प्रवेश शुल्कको दर निर्धारण गरेको छैन र रकम अनुमान समेत गरेको छैन । तर गाउँपालिकाले पर्यटकीय क्षेत्रको विकासका लागि बजेट भने विनियोजन गरेको छ ।

सम्भावना

पर्यटन शुल्क संकलनको संभावना भएका क्षेत्र तथा स्थानमा पर्यटन पूर्वाधार विकास र पर्यटन प्रवर्धन गर्दा देहाय बमोजिम **रु. ६ लाख ४६** हजार पर्यटन शुल्क संकलन हुन सक्ने संभावना रहेको देखिन्छ :

तालिका ३: पर्यटन शुल्कको सम्भाव्यता विवरण

क्र. सं.	पर्यटकीय स्थलको नाम	औषत पर्यटक आवागमन संख्या (अनुमानित)		प्रवेश शुल्क दर (रु.)	अनुमानीत वार्षिक आय रु.	गाउँपालिका शुल्कको दर (प्रतिशत)	आय सम्भावना (रु.)
		दैनिक	वार्षिक				
१	दुप्चेश्वर मन्दिर	४०.०	१५०००	५०	७५०,०००	४०	३००,०००
२	गोल्फुभञ्ज्याङ	२०.०	७२००	५०	३६०,०००	४०	१४४,०००
३	घ्याङफेदी	१०.०	३६००	५०	१८०,०००	४०	७२,०००
४	कँडेनी	५.०	२०००	५०	१००,०००	४०	४०,०००
५	घ्याङ	७.०	२५००	५०	१२५,०००	४०	५०,०००
६	कुटुमसाङ	५.०	२०००	५०	१००,०००	४०	४०,०००
	hDdf	८७.०	३२३००		**१,६१५,०००**	४०	**६४६,०००**

सुधारका पक्षहरू

पर्यटन शुल्क संकलन प्रभावकारी बनाउन देहायअनुसार कार्यहरु गर्नु पर्ने देखिन्छ ।

- आर्थिक ऐनमा पर्यटन शुल्कको संकलन सम्बन्धी व्यवस्था गर्दै शुल्कको दर निर्धारण गर्ने ।
- पर्यटकिय सम्भावना भएका प्रमुख पर्यटकीय स्थलहरुको संभाव्यता हेरी पूर्वाधारको विकास गर्ने ।
- रमणीय पर्यटकीय तथा धार्मिकस्थल बारे प्रचार प्रसार गरी प्रवर्धन गर्ने
- सार्वजनिक नीजि साझेदारी अवधारणा अनुसार पर्यटन शुल्क संकलनको व्यवस्था गर्ने

छ. महशुल

छ.१ खानेपानी महशुल

विद्यमान अवस्था

गाउँपालिकामा खानेपानी तथा सरसफाई अभियान अन्तर्गत एक घर एक धारा कार्यक्रमका लागि खानेपानी तथा सरसफाई आयोजनाहरु स्थानीय उपभोक्ता समिति मार्फत संचालन भईरहेका छन् । उपरोक्त आयोजनामा गाउँपालिकाको ठूलो लगानी रहेको छ । तथापी यसबाट महशुल वापत हालसम्म कुनै आम्दानी गरेको छैन । यसका लागि गाउँपालिकाले महशुलको दर र संकलन प्रक्रिया समेत आर्थिक ऐनमा निर्धारण गरेको छैन र महशुस रकको अनुमान समेत गरेको छैन ।

संभावना

गाउँपालिकाले महशुल निर्धारण गरी संचालित खानेपानी तथा सरसफाई आयोजनाबाट महशुल वापत आय संकलन गर्ने संभावना रहेको छ । एक घर एक धारा अन्तर्गत करिब १००० घरधुरीबाट उपभोक्ता समितसँगको साझेदारीमा महशुल संकलनको संभावना रहेको छ । खानेपानीको महशुल संकलनको संभाव्यता देहायअनुसारको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ४: खानेपानी महशुलको सम्भाव्यता विवरण

क्र.सं.	खानेपानी आयोजनाको नाम र स्थान	लाभन्वित घरधुरी	मासिक महशुल दर	कुल रकम (रु.)	गाउँपालिकाको शुल्क दर (%)	आय संभाव्यता रकम (रु.)
१.	वेतेनी खानेपानी आयोजना, वडा नं. १	१०००	५०	६००,०००	४०	२४०,०००
२.	वोलगाउँ खानेपानी आयोजना, वडा नं. २	१००	५०	६०,०००	४०	२४,०००
	जम्मा	**११००**		**६६०,०००**		**२६४,०००**

सुधारका पक्षहरू

खानेपानी महशुल संकलनको लागि देहायअनुसार कार्यहरु गर्नु पर्ने देखिन्छ:

- आर्थिक ऐनमा खानेपानी महशुल संकलन सम्बन्धी व्यवस्था गरी मशहुलको दर निर्धारण गर्ने ।
- खानेपानी तथा सरसफाई उपभोक्ता समिति र उपभोक्तासँग राय परामर्श गरी व्यवस्थित रुपमा आयोजना संचालन गर्ने ।
- एक घर एक धाराको अवधारणा अनुसार खानेपानी आयोजना विस्तार र मिटर प्रणाली जडान गर्ने ।
- साझेदारी अवधारणा अनुसार उपभोक्ता समितिसँग ६०:४० को अनुपातमा महशुल संकलनको व्यवस्था गर्ने।

परिच्छेद चारः गाउँपालिकाको राजस्व परिचालनको अवस्था र संस्थागत क्षमता

यस परिच्छेदमा राजस्व परिचालनमा गाउँपालिकाले गरेका प्रयास तथा आन्तरिक राजस्व संकलनको अवस्थालाई संक्षिप्तमा विश्लेषण गरिएको छ । यसबाट गाउँपालिकाको राजस्व परिचालन संस्थागत क्षमतामा सुधारका लागि गर्नुपर्ने कार्यहरू पहिचान गर्न सहयोग पुग्ने अपेक्षा छ ।

४.१ राजस्व परिचालन सम्बन्धी नीति

गाउँपालिकाको राजस्व परिचालन नीति तथा कानून तर्जुमा, राजस्वका स्रोत, दायरा र दर सम्बन्धमा परामर्श गर्न एवं प्रक्षेपण र अनुमान तयार गर्न कार्यपालिकाबाट उपाध्यक्षको संयोजकत्वमा देहायबमोजिम ७ सदस्यीय राजस्व परामर्श समिति गठन गरेको छ ।

तालिका ५: राजस्व परामर्श समिति

क्र.सं.	नाम	पद	समिति (जिम्मेवारी)
१	अञ्जु आचार्य	उपाध्यक्ष	संयोजक
२	रामहरी गजुरेल	प्रमुख प्रशासकीय अधिकृत	सदस्य
३	किशोर आचार्य	वडा अध्यक्ष तथा कार्यापालिका सदस्य	सदस्य
४	उमा थापा	कार्यापालिका सदस्य	सदस्य
५	शशी प्रसाद आचार्य	उद्योग वाणिज्य संघ प्रतिनिधि	सदस्य
६.	मुक्त वहादुर श्रेष्ठ	चेम्बर अफ कमर्श प्रतिनिधि	सदस्य
७.	विष्णु तामाङ	राजस्व शाखा हेर्ने कर्मचारी	सदस्य सचिव

गठन पश्चात राजस्व परामर्श समितिले अध्ययन तथा छलफल गरी राजस्वको स्रोत, दायरा, दर तथा राजस्व परिचालन सम्बन्धी नीति मस्यौदा गरी गाउँ कार्यापालिकामा मार्फत सभामा पेस गरेको छ ।

संवैधानिक तथा कानूनी व्यवस्था अनुसार गाउँपालिकाले चालु वर्षको लागि गाउँसभाबाट आर्थिक ऐन पारित गरेको छ । राजस्व परामर्श समितिको शिफारिश बमोजिम राजस्वका शिर्षकगत दायरा तथा दर र राजस्व संकलन सम्बन्धी व्यवस्था सहितको आर्थिक ऐन गाउँ सभाबाट स्वीकृत गरिएको छ । राजस्व परिचालनका लागि गाउँपालिकाले छुट्टै नीति तर्जुमा गरेको नभएता पनि गाउँसभाबाट स्वीकृत चालु आ.व.को नीति कार्यक्रममा गाउँपालिकाका विकास व्यवस्थापन र राजस्व प्राप्तीका लागि भौगोलिक सूचना प्रविधिमा आधारित एकीकृत सूचना प्रणाली विकास गरिने जस्ता नीतिगत व्यवस्था तय गरेको छ । गाउँ सभाबाट स्वीकृत आ.व. २०७५/७६ को आय राजस्व अन्तर्गत आन्तरिक आय जम्मा शिर्षकगत रुपमा रु. ६५ लाख संकलन हुने अनुमान गरेका छ ।

चालु आ.व.२०७५/७६ को राजस्व सम्बन्धी देहाय अनुसारका नीति तथा कार्यक्रमहरू तय गरिएका छन् :

- आन्तरिक कर तथा गैरकर राजस्वलाई व्यवस्थित गर्दै सवै नागरिकलाई करको दायरा भित्र ल्याउन एकीकृत कार्यक्रम सहित कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गरिने छ ।
- प्रारम्भिक वातावरणीय परीक्षण (Intial Environment Examination) को आधारमा गाउँपालिका क्षेत्रभित्रका खोलानालाबाट ढुङ्गा, गिट्टी, वालुवा आदीको उत्खनन तथा विक्रीको व्यवस्था गरी आन्तरिक आय बृद्धि गरिनेछ ।
- वडा समितिका पदाधिकारी समेत गाउँपालिकाका निर्वाचित पदाधिकारी, कर्मचारी तथा सरोकारवालाको लागि राजस्व अभिबृद्धि सम्बन्धी तालिम तथा अभिमुखीकरण कार्यक्रम संचालन गरिनेछ ।
- वडा कार्यालय मार्फत गाउँपालिकाले लगाएको कर, शुल्क, सेवा शुल्क तथा दस्तुर र संकलन प्रक्रिया एवं छुट सम्बन्धी व्यवस्था बारे करदाता शिक्षा तथा अभियान संचालन गरिनेछ ।
- करदाता तथा व्यवसायी प्रतिनिधिसँग राय परामर्श गरी करको दर निर्धारण गरिनेछ ।

- कर प्रशासनमा सूचना प्रविधि तथा सफ्टवयर प्रणाली स्थापना र संचालन गरी कर प्रशासनमा सूचना प्रविधिको प्रयोगमा बृद्धि गरिनेछ ।
- स्थानीय राजस्वको प्रभावकारी परिचालनका लागि आवश्यक स्थानीय ऐन, नियम तथा कार्यविधि तर्जुमा गरिनेछ ।
- स्थानीय राजस्व परिचालनलाई संस्थागत विकासको प्रमुख रणनीति रुपमा लिई कार्यान्वयन गरिनेछ ।

४.२ विगतको आय परिचालनको अवस्था

गाउँपालिकाको ३ बर्षको आय परिचालनको अवस्था विश्लेषण गर्दा गत आ.व. २०७४/७५ मा कुल बजेट मध्ये ०.७ प्रतिशत मात्र आन्तरिक आयबाट प्राप्त भएको देखिन्छ । गाउँपालिकाले गत आ.व.मा राजस्व बाँडफाँड वापत नेपाल सरकाबाट रकम प्राप्त गरको दखिदैन भने चालु आ.व. देखि संघीय सरकारले राजस्व बाँडफाँड वापत राजस्व प्राप्त गरेको तर हालसम्म प्रदेश सरकारबाट राजस्व बाँडबाटको रकम प्राप्त गरेको छैन । गाउँपालिकाको आन्तरिक आयको अवस्था विश्लेषण गर्दा आयका शिर्षक अनुसारको आय अनुमान, प्राप्त आयको शिर्षकगत अभिलेख सम्म अद्यावधिक नभएको देखिन्छ । गाउँपालिकाको राजस्व परिचालनको स्थिति देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ६: गाउपालिकाको ३ वर्षको राजस्वको स्थिति

रु. ००० मा

क्र.सं.	आय शिर्षक	यथार्थ आय		अनुमान	असुली
		२०७३/७४	२०७४/७५	२०७५/७६	२०७५/७६ पौष मसान्त सम्म
क.	**आन्तरिक आय**	**2493**	**1794**	**6500**	**773**
१	**जम्मा स्थानीय कर**	**0**	**508**	**1720**	**365**
१.१	मालपोत वा भूमिकर		490	1600	२९४
१.२	सम्पत्ती कर				०
१.३	घरजग्गा वहाल कर		१८	25	१६
१.४	व्यवसाय कर			95	५५
१.५	विज्ञापन कर				
२	**सेवा/शुल्क**	**०**	**०**	**४०००**	**०**
२.२	ढुङ्गा, गिट्टी, बालुवा विक्री र निकासी शुल्क			4000	0
२.१	मूल्याङ्कन शुल्क				
२.३	वहाल विटौरी शुल्क				
२.४	पर्यटन सेवा शुल्क				
२.५	पार्कीङ्ग शुल्क				
३	**दस्तुर**	**0**	**396**	**680**	**408**
३.१	दर्ता, अनुमती र नविकरण दस्तुर				
३.२	नक्शापास दस्तुर				
३.३	सिफारिश दस्तुर		396	680	408
३.४	व्यक्तिगत घटना दर्ता दस्तुर				
३.५	नाता प्रमाणित दस्तुर				
३.६	अन्य दस्तुर				
३.७	न्यायिक दण्ड, जरिवाना र जफत				
४	**अन्य आय**	**0**	**890**	**100**	**0**
४.१	भाडा वा वहाल				
४.२	दण्ड जरिवाना		**890**	**100**	**0**
ख.	**राजस्व बाँडफाँड**	**0**	**0**	**73300**	**36650**
५.२	नेपाल सरकारबाट प्राप्त राजस्व बाँडफाँड			७३३००	३६६५०
५.३	प्रदेश सरकारबाट प्राप्त राजस्व बाँडफाँड				

क्र.सं.	आय शिर्षक	यथार्थ आय		अनुमान	असुली
		२०७३/७४	२०७४/७५	२०७५/७६	२०७५/७६ पौष मसान्त सम्म
ग.	**बाह्य श्रोत**	**11300**	**258535**	**216340**	**108170**
६.१	वित्तीय समानीकरण अनुदान (संघ)	11300	१६३६३३	133830	66915
६.२	ससर्त अनुदान (संघ)		९४९०२	82510	41255
६.३	वित्तिय समानीकरण अनुदान (प्रदेश)				
६.४	ससर्त अनुदान (प्रदेश)				
६.५	विशेष अनुदान			50001	25001
	कुल जम्मा आय	**13793**	**260329**	**296140**	**145593**

गाउँपालिकाको आन्तरिक आयको संरचना हेर्दा प्रमुख तीन श्रोतहरूमा क्रमशः मालपोत, सिफारिश दस्तुर र शुल्क रहेको छ ।

४.३. आय संकलनको संस्थागत व्यवस्था तथा क्षमता

गाउँपालिकाको संगठन संरचनामा प्रशासन शाखा अन्तर्गत रहने गरी राजस्व इकाईको व्यवस्था रहेको भएता पनि व्यवहारमा राजस्व सम्बन्धी कार्य मुख्य रुपमा वडा कार्यालय र आर्थिक प्रशासन शाखाले सम्पादन गरेको स्थिति रहेको छ । अध्ययन प्रक्रियामा गरिएको छलफल, स्थलगत अवलोकन तथा उपलब्ध सूचनाका आधारमा विश्लेषण गर्दा गाउँपालिकाको राजस्व संकलनको विद्यमान अवस्था देहायअनुसार रहेको छ :

- प्रशासन, योजना र अनुगमन शाखा अन्तर्गत राजस्व शाखाको प्रस्ताव गरेता अन्य शाखाका कर्मचारी मार्फत राजस्व प्रशासन सम्बन्धी सामान्य काम गरिएको ।
- विना लिखित जिम्मेवारी आर्थिक प्रशासन र प्रशासन शाखाका कर्मचारीले राजस्व प्रशासन सम्बन्धी कार्य गर्ने गरेको ।
- राजस्व संकलन तथा व्यवस्थापनका लागि आर्थिक ऐन वाहेक कुनै पनि नियमावली तथा कार्यविधि तर्जुमा तथा स्वीकृत नभएको
- राजस्व प्रशासन सम्बन्धी कार्यका लागि कुनै पनि सफ्टवेयर निर्माण तथा संचालन नभएको ।
- गाउँपालिका कार्यालय र वडा कार्यालयमा करदाताबाट आएको राजस्व रसिद काटेर संकलन गर्ने गरिएको ।
- संकलन भएको राजस्वको शिर्षकगत रुपमा अभिलेख राख्ने कार्य नभएको र एक दुई वटा शिर्षकहरुमा मात्र अभिलेख राख्ने गरिएको ।
- वडा कार्यालयबाट नियमित रुपमा संकलन भएको राजस्वको रकम बैंकमा जम्मा गरी सो हिसाव आर्थिक प्रशासन शाखामा समयमा पेश हुने नगरेको र शिर्षकगत अभिलेख नभएको ।
- करदाताको फाईल तयार गरी अभिलेख राख्ने तथा कर रसिदहरू व्यवस्थित रुपमा फाईलिङ्ग नभएको ।
- वडा कार्यालयबाट अनुकुलता हेरी संकलित रकम गाउँ कार्यपालिका कार्यालयमा नगदै वा बैकमा जम्मा गरी भौचर बुझाउने गरेको ।
- मासिक रुपमा वडा कार्यालयहरू प्राप्त विवरणहरू समेत समावेश गरी शिर्षकगत रुपमा संकलित रकमको विवरण सहित बैंक भौचरहरू लेखा शाखा बुझाउने नगरेको ।
- राजस्व संकलनको स्पष्ट कार्यविधि नभएकाले राजस्व संकलन गर्दा शिर्षकहरू चयनमा अस्पष्टता रहेको ।
- राजस्व संकलनको जिम्मेवारी सहित कार्यरत कर्मचारीहरूका लागि तालिम तथा अभिमुखीकरण नभएको ।
- राजस्व संकलन, अभिलेख र नगद दाखिला सम्बन्धी कार्यको अनुगमन प्रणाली तथा कार्य स्पष्ट नभएको तथा जिम्मेवारी नतोकिएको ।

४.४ राजस्व परिचालनमा रहेका सवालहरू

भौगोलिक विकटता, पूर्वाधार तथा सुविधाको उपलब्धता, आर्थिक गतिविधि तथा संस्थागत क्षमताको कमीका कारण यस गाउँपालिकाको कार्य जिम्मेवारीको तुलनामा राजस्व अधिकारको क्षेत्र सिमित रहेको छ । आवश्यक कानूनी व्यवस्था, संस्थागत संयन्त्र, सूचना प्रणाली र मुख्य रुपमा निर्वाचित पदाधिकारीको तत्परता एवं इच्छाशक्तिको कमीको कारण संभाव्य राजस्व अधिकारको पनि उपयोग हुन सकिरहेको छैन । तसर्थ संघीय शासन व्यवस्था अनुसार आन्तरिक आय परिचालनका लागि गाउँपालिकाको संस्थागत क्षमता विकास गर्न आवश्यक देखिन्छ । गाउँपालिकाको आन्तरिक आय परिचालनमा देखिएका सवालहरूलाई संवोधन गर्न देहायअनुसार कार्य गर्न आवश्यक रहेको छ ।

क. राजस्व प्रशासनका लागि उपयुक्त संगठन निर्माण

राजस्व परिचालन क्षमतामा सुधार गरी राजस्वको श्रोत तथा आधार बृद्धी गर्न गाउँपालिकामा राजस्व प्रशासन संगठन विस्तार, प्रणालीमा सुधार तथा क्षमता अभिबृद्धि कार्यलाई प्राथमिकताका साथ संचालन गर्न आवश्यक रहेको छ । स्थानीय तहको विस्तारित राजस्व अधिकारको अधिकतम उपयोग गर्न संगठन विकाससँगै भौतिक सुविधा, दक्ष मानव संशाधनको व्यवस्था, सीप तथा दक्षता अभिबृद्धि, आवश्यक कानून तथा कार्यविधि तर्जुमा, सूचना तथा अभिलेख प्रणालीको आवश्यकता टड्कारो देखिएको छ । यसका साथै तोकिएका शिर्षकहरुको लागि वडा कार्यालयहरुको राजस्व संकलन क्षमता विकास गर्न संगठन, भौतिक सुविधा र प्रविधि विस्तार गर्नु आवश्यक रहेको छ ।

ख. आन्तरिक आय परिचालन नीति तथा कार्यविधि

गाउँपालिकाले संविधान, संघीय तथा प्रदेश कानूनको आधारमा आर्थिक ऐनसँगै राजस्व परिचालन सम्वन्धी नीति, कानून तथा प्रमुख शिर्षकहरुको आय संकलन कार्यविधि तयार गरी, जनप्रतिनिधि, कर्मचारी तथा वडा समितिलाई समेत उपलब्ध गराउनु आवश्यक छ । कार्यविधिमा स्थानीय राजस्वका प्रमुख स्रोत तथा आधार, संकलन गर्ने तरिका, प्रतिवेदन बुझाउने ढाँचा, नगद दाखिला सम्वन्धी व्यवस्था, अभिलेख व्यवस्थापन तथा अनुगमन जस्ता विषयवस्तु समावेश हुनु पर्नेछ ।

ग. राजस्व अधिकार, संभाव्यता अध्ययन, दर निर्धारण तथा प्रचार प्रसार

गाउँपालिकाले संवैधानिक तथा कानूनी व्यवस्था अनुसार स्थानीय तहको राजस्व अधिकार, राजस्वका प्रमुख स्रोत तथा परिचालनको संभाव्यता लगायत स्थानीय परिवेश र करदातासँग राय परामर्श गरी उपयुक्त राजस्वको दर निर्धारण गरी सो को प्रचार प्रसार गर्न आवश्यक रहेको छ । साथै आर्थिक ऐनको व्यवस्था बमोजिम गाउँपालिकाले लगाएको कर, शुल्क, दस्तुर र विक्रीको स्रोत, आधार, दर तथा संकलन विधि र प्रक्रिया, कर छुट तथा दण्ड जरिवाना सम्बन्धी व्यवस्था बारे कर शिक्षा कार्यक्रम, संचार माध्यम तथा सामाजिक संजाल मार्फत प्रचार प्रसार तथा जानकारी गराउनु पर्ने हुन्छ ।

घ. तथ्याङ्कमा आधारित अभिलेख

राजस्वको स्रोतहरुको अधिकतम तथा प्रभावकारी परिचालनका लागि स्थानीय राजस्वका स्रोत तथा आधारहरूको अभिलेख अद्यावधिक हुनु जरुरी छ । यसका लागि स्थानीय सरकारलाई प्राप्त राजस्वका अधिकारसँग सम्बन्धित व्यक्तिगत सम्पत्ति (जग्गा र घर), व्यापार व्यवसाय, पूर्वाधार, सेवा तथा सुविधाहरू आदिको अभिलेख तयारी तथा अद्यावधिक गर्नु पर्नेछ । अद्यावधिक अभिलेखको आधारमा राजस्व सम्बन्धी नीति तर्जुमा, प्रक्षेपण, असुली, अभिलेख व्यवस्थापन र अनुगमन प्रभावकारी बनाउन सकिन्छ ।

ङ. समन्वय संयन्त्र

राजस्व परिचालन नीति तर्जुमा, स्रोत संभाव्यता अध्ययन, कर, शुल्क तथा दस्तुरको दर निर्धारण, राजस्व संकलन प्रक्रिया निर्धारण जस्ता कार्यमा गाउँपालिकामा उपयुक्त संयन्त्रको व्यवस्था गर्नु आवश्यक छ । यसबाट आन्तरिक

रुपमा तथा वाह्य निकायसँग छलफल, परामर्श र समन्वय अभिबृद्धी गर्न सकिन्छ । राजस्वका स्रोतहरुको पहिचान, संभाव्यता अध्ययन, आधार निर्धारण तथा दर परिमार्जनका लागि राजस्व परामर्श समितिलाई क्रियाशिल तथा प्रभावकारी बनाउन आवश्यक छ । आय संकलनमा वडा समितिको भूमिकाको स्पष्ट व्याख्या गरी वडा कार्यालय र राजस्व शाखा बीच निरन्तर अन्तरक्रिया र समन्वय पनि जरुरी देखिन्छ । साथै राजस्व वाँडफाँड सम्वन्धमा नेपाल सरकार, प्रदेश सरकार तथा छिमेकी स्थानीय सरकारसँग वैठक, छलफल र समन्वय गर्नुपर्ने देखिन्छ ।

च. चुहावट नियन्त्रण, पारदर्शिता र जवाफदेहिता

स्थानीय राजस्व सम्बन्धी नीति तर्जुमा, राजस्व संकलन, अभिलेख कार्यको अनुगमन गरी राजस्व चुहावटको संभावनालाई नियन्त्रण तथा नियमन गर्न आवश्यक व्यवस्था गर्नु पर्नेछ । गाउँपालिकाले आय व्ययको विवरण आवधिक रुपमा तयार गर्नु, प्रकाशमा ल्याउनु, सम्बन्धित निकायमा पेश गर्नु, करदातासँग निरन्तर संबाद गर्नु, सूचना प्रविधि तथा सामाजिक मिडिया मार्फत राजस्व र खर्चको विवरणबारे जनता तथा सरोकारवालालाई जानकारी गराउनु यसका लागि केही सकारात्मक प्रसासहरू हुन सक्दछन् ।

ङ. प्राप्त राजस्व अधिकारको उपयोग

स्थानीय तहलाई प्राप्त राजस्व अधिकारको सिमितता र प्राप्त अधिकारको संकुचनको बाबजुद स्थानीय तहलाई प्राप्त राजस्व अधिकारको पूर्ण उपयोग हुन सकिरहेको छैन । गाउँपालिकाको आन्तरिक आय सम्बन्धी तथ्याङ्कले स्थानीय तह विशेष गरी गाउँपालिकाको राजस्व परिचालनको अवस्था सन्तोषजनक नभएको पुष्टि हुन्छ । गाउँपालिकाका पदाधिकारी तथा कर्मचारीलाई राजस्व अधिकार सम्बन्धी संबैधानिक तथा कानूनी व्यवस्था बारे जानकारी गराउने, आन्तरिक स्रोत परिचालन तथा राजस्व सुधार कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गर्ने, स्थानीय राजस्व परिचालन सम्बन्धी नीति, कानून तथा कार्यविधि तर्जुमा गर्ने यसका लागि प्रमुख कदम हुन सक्दछन् । साथै राजस्व परामर्श समितिलाई सक्रिय बनाउने तथा स्थानीय राजस्वका स्रोत, आधार र संकलन तरिकाको बारेमा छलफल गर्ने, करदाता, व्यवसायी, नागरिक समाज लगायत सरोकारवालासँग अन्तरक्रिया तथा परामर्श अन्य उपयुक्त कदम हुन सक्दछन् ।

उत्पादनमूलक तथा आयमूलक क्षेत्रमा लगानीको आवश्यकता

स्थानीय तहको योजना तर्जुमा भनेको खर्चको योजना बनाउनु हो भन्ने आम बुझाई छ र स्थानीय तहमा हुने वैठक, छलफल तथा वहशहरु पनि कसरी आम्दानी गर्ने भन्दा पनि कहाँ र कसरी खर्च गर्नेमा केन्द्रित हुने गरेको छ । आय बृद्धिका लागि आवश्यक मानव संशाधन, साधन स्रोत र सूचना र प्रविधिको उपयोग न्यून रहेको छ । तसर्थ गाउँपालिकाले योजना तर्जुमा गर्दा उत्पादनमूलक तथा आयमूलक पूँजिगत लगानीमा विशेष प्राथमिकता दिनु पर्ने देखिन्छ । यसबाट स्थानीय तहमा सेवा तथा सुविधाको स्तरमा बृद्धि हुने र अन्ततः आन्तरिक आय परिचालन बृद्धि हुन्छ । यस्ता आयोजनामा, पर्यटन पूर्वाधार निर्माण, लघु तथा साना जलविद्युत आयोजना, व्यवसायिक भवन तथा पसल, बजार पूर्वाधार आदी हुन सक्दछन् ।

परिच्छेद पाँचः राजस्व सुधार कार्ययोजना

यस परिच्छेदमा अध्ययनबाट प्राप्त सूचना विश्लेषण तथा सहभागितामूलक छलफलबाट तयार पारिएको गाउँपालिकाको आन्तरिक स्रोत परिचालन तथा राजस्व सुधार कार्ययोजना प्रस्तुत गरिएको छ । यस कार्ययोजनालाई गाउँ कार्यपालिकाबाट स्वीकृत गरी कार्यान्वयन गर्ने अपेक्षा गरिएको छ ।

५.१ गाउँपालिकाको राजस्व सुधार कार्ययोजना

गाउँपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमाका लागि गाउँपालिकामा अभिमुखीकरण तथा कार्ययोजना तर्जुमा कार्यशाला संचालन गरिएको थियो । गाउँपालिकाको आयोजना, पूर्णीमा कार्यक्रमको सहयोग र परामर्शदातृ संस्था एसडिआईसीको सहजीकरणमा सम्पन्न उक्त कार्यशालामा गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत लगायत वडाअध्यक्ष समेत कार्यपालिका सदस्यहरू, गाउँ कार्यपालिका कार्यालय तथा वडा कार्यालयमा कार्य कर्मचारीहरू र स्थानीय व्यवसायिक संघ तथा नागरिक समाजका प्रतिनिधिको सहभागिता रहेको थियो ।

स्थानीय राजस्व सम्बन्धी अवधारणा, राजस्व अधिकार र कार्ययोजना तर्जुमाको उद्देश्य र तर्जुमा सम्बन्धी अमिभुखीकरण पश्चात तीन वटा विषय क्षेत्रमा समूहगत रुपमा सहभागितामूलक छलफल पश्चात राजस्व सुधारको मस्यौदा कार्ययोजना तयार गरी तथा प्रस्तुत गरिएको थियो । अध्ययनको लागि संकलित तथ्याङ्क तथा विवरण र विश्लेषणबाट प्राप्त सूचना एवं नतिजाहरूलाई समेत समावेश गरी गाउँपालिकाको राजस्व सुधार कार्ययोजनाको तल उल्लिखित मस्यौदा तयार गरिएको छ । यस कार्ययोजनामा तय गरिएका क्रियाकलापहरूलाई विषयगत रुपमा देहायबमोजिमका क्षेत्रमा विभाजन गरिएको छ :

क. कर राजस्व सुधार योजना
ख. गैरकर राजस्व सुधार योजना
ग. राजस्व प्रशासनमा सुधार

तालिका ७: राजस्व सुधार कार्ययोजना

क. कर राजस्व सुधार योजना

क्र.सं.	सुधारका लागि गर्नुपर्ने कार्यहरू	समयावधि	जिम्मेवारी
१.	मालपोत वा भूमिकर		
१.१	*सडकको मापदण्ड, पूर्वाधार पहुँच र भूमिको उपयोगको आधारमा करको दर परिमार्जन गर्ने*	*२०७६ जेष्ठ सम्म*	*राजस्व परामर्श समिति*
१.२	*गाउँबासीको मालपोत सम्बन्धी तथ्याङ्क तथा कम्प्युटर प्रणालीमा अद्यावधिक गर्ने*	*२०७६ जेष्ठ सम्म*	*प्रमुख प्रशासकीय अधिकृत*
१.३	*करदातासँग अन्तरक्रिया तथा आगामी आ.व.को लागि करको दर बारे छलफल गर्ने*	*२०७६ अषाढ मसान्त सम्म*	*गाउँ कार्यपालिका र वडा कार्यालय*
१.४	*मालपोतसँग आवद्ध गरी सम्पत्ति कर, व्यवसाय कर र घरवहाल करलाई असुलीको व्यवस्था गर्ने*	*आ.व. २०७६/७७ देखि*	*राजस्व शाखा*
२.	सम्पती कर		
२.१	*जग्गा, घर तथा संरचना, व्यापार व्यवसाय र घर जग्गा वहालको एकीकृत विवरण संकलन गरी करदाताको विवरण अद्यावधिक गर्ने*	*२०७६ वैशाख मसान्त सम्म*	*कार्यपालिका, प्रमुख प्रशासकीय अधिकृत, वडा कार्यालय*
२.२	*सम्पत्ती मूल्याङ्कन प्रक्रिया, करको दर र संकलन प्रक्रिया बारे करदातासँग अन्तरक्रिया छलफल गर्ने*	*२०७६ वैशाख मसान्त सम्म*	*प्रमुख प्रशासकीय र वडा समिति*
२.३	*सम्पत्ती कर व्यवस्थापन बारे जनप्रतिनिधि, कर्मचारी र करदाताका लागि अभिमुखीकरण कार्यक्रम संचालन गर्ने*	*२०७६ जेष्ठ मसान्त सम्म*	*प्रमुख प्रशासकीय र वडा समिति*
२.४	*सम्पत्तीको मुल्याङ्कन विधि तथा दर सहित सम्पत्ती कर*	*२०७६ अषाढ*	*राजस्व परामर्श समिति*

क्र.सं.	सुधारका लागि गर्नुपर्ने कार्यहरू	समयावधि	जिम्मेवारी
	व्यवस्थापन कार्यविधि तयार र स्वीकृत गर्ने	मसान्त सम्म	र गाउँ सभा
२.५	सम्पत्ती मूल्याङ्कन विधी र करको दर निर्धारण सहित आर्थिक ऐन परिमार्जन गर्ने	२०७६ अषाढ समान्त सम्म	गाउँसभा
२.५	सम्पत्ति कर प्रशासनमा GIS Mapping Tools लाई समेत प्रयोगमा ल्याउने ।	आ.ब. २०७७/७८ देखि	नक्सा शाखा तथा राजस्व शाखा
३.	**घर जग्गा वहाल कर**		
३.१	सम्पत्ती करको लागि सम्पत्तिको विवरण सहित करदाताको अभिलेख तयार गर्दा वहालमा भएका घरजग्गाको लगत समेत अद्यावधिक गर्ने	आ.व. २०७५/७६ भित्र	प्रमख प्रशासकीय अधिकृत र वडा कार्यालय
३.२	घरजग्गा वहाल करको दर तथा संकलन प्रक्रिया बारे करदातासँग छलफल गर्ने	२०७६ वैशाख मसान्त सम्म	राजस्व परामर्श समिति र गाउँ कार्यपालिका
३.३	न्यूनतम वहाल मूल्य, करको दर र संकलन प्रक्रिया सहित घरजग्गा वहाल कर व्यवस्थापन कार्यविधि तयार र स्वीकृत गर्ने	२०७६ ज्येष्ठ मसान्त सम्म	राजस्व परामर्श समिति र गाउँ कार्यपालिका
